# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ४३ पूर्णाङ्क ४६९ | २०८३ जेठ ४ गते सोमबार | Monday 18 May, 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।–


## शहीद टंक भुसालको ४४ औँ स्मृति दिवस कार्यक्रम सम्पन्न



सन्धिखर्क। २०८३ जेठ २ गते क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला समिति अर्घाखाँचीको आयोजनामा शहीद टंक भुसालको बाँकी ७ पेजमा

# ‘बालेन फासिवाद’ : देशभर प्रतिरोध आन्दोलन संगठित हुँदै

काठमाडौं। थ्रि ए (अल्गोरिद्म, आर्मी र अमेरिका), थ्रि डि (डिजिटल, डायस्पोरा र डेमोग्राफी)को दुरूपयोग गरेर प्रायोजित रूपमा जनमत आफ्नो हातमा पार्न सफल भएको रास्वपा तथा बालेन समूहले सरकार सम्हाले लगत्तैदेखि मुलुकमा राज्य आतंक खडा गरेको छ। तथाकथित लोकप्रियताको जामा पहिरिएर फासिवादी क्रूरताको नाङ्गो नाच प्रदर्शन गरिरहेको छ। ‘बालेन फासिवाद’को क्रूरताको निशानामा देशका गरिब, निमुखा, असाह्य, भूमिहिन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू परेका छन्। दशवर्षको जनयुद्ध, १९ दिन जनआन्दोलनलगायत जनपक्षीय आन्दोलन र महान बलिदानमार्फत् स्थापित संविधान प्रदत्त भूमि तथा आवासको अधिकारको धज्जी उडाउँदै सुकुम्बासी तथा अव्यवस्थित बस्तीमा जोडर लगाएर लाखौ नागरिकलाई घरबारविहीन बनाइदिएको छ। घर भत्काइदिएर सुकुम्बासीहरूलाई होल्डिङ सेन्टर राखेको छ। होल्डिङ सेन्टरहरू हिटलरको ग्यास च्याम्बरजस्तै यातना शिविरमा परिणत भएका छन्। इजरायलले प्यालेस्टाइनको भूमि गाजामा मिसाइल हानेर घरहरू ध्वस्त पारिदिएजस्तै डोजर लगाएर ध्वस्त पारिदिएका सुकुम्बासीहरूको बस्तीमा



यतिबेला मानवीय संकट उत्पन्न भएको छ। दुई जना सुकुम्बासी आत्महत्या गर्न बाध्य पारियो। एकजनाको हर्टअट्याकबाट मृत्यु भएको छ भने १८ महिने बालकको डोजर आतंककै कारण सामान सार्ने क्रममा मृत्यु हुन पुगेको छ। बालेनको अमानवीय अत्याचारको राष्ट्रिय मानव अधिकार आयोग, एमनेष्टी इन्टर नेशनलदेखि संयुक्त राष्ट्रसंघसम्मले ‘अमानवीय अत्याचार’ भन्दै कडा विरोध गरेको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत केन्द्रीय संयुक्त संघर्ष समिति, अन्य राजनीतिक पार्टीहरू, नागरिक समाज, जेनजी अलायन्स लगायत सबैले सडकमै उत्रिएर विरोध गरेका छन्। संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा पनि निरन्तर रूपमा आन्दोलित छ। तर फासिवादी बालेन्द्र साहले यसको कुनै सुनुवाइ गरेको छैन। यहाँसम्म कि संसदमा राष्ट्रपति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा बिचमै उठेर हिँडेका बालेन्द्र साहले नीति तथा कार्यक्रमका विषयमा उठेका सवालहरूको जवाफ दिन माग गर्दै विपक्षी दलहरूले संसद नै बहिस्कार गरेपनि कुनै सुनवाइ भएन। प्रधानमन्त्री बालेन्द्रको संबोधनविना नै नीति तथा कार्यक्रम पास गरियो। यसले विपक्षी दलहरूलाई पनि थप आक्रोशित र आन्दोलित बनाएको छ।

बालेनको फासिवादलाई अमेरिकी बिग टेक कम्पनीको मलजल

अमेरिकाले कुनै भौतिक हस्तक्षेप बिना नै नेपालीहरूको दैनिक जीवनको हरेक डिजिटल डेटामा पूर्ण पहुँच बनाएको छ। यसको मुख्य हतियार बिग टेक कम्पनीहरू हुन्। नेपालमा ९०% भन्दा बढी मानिसहरू फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप (Meta), युट्युब र जीमेल (Google) प्रयोग गर्छन्। नेपालीहरूले के सोच्छन्, कुन राजनीतिक दललाई मन पराउँछन्, कसरी कुराकानी गर्छन् भन्ने सबै डेटा अमेरिकी सर्भरहरूमा भण्डारण हुन्छ।

नेपालका सरकारी निकाय, बैंक, र निजी कम्पनीहरूले प्रयोग गर्ने अपरेटिङ सिस्टम (Windows, Android, iOS) र क्लाउड सर्भरहरू (Amazon AWS, Microsoft Azure, Google Cloud) अमेरिकी हुन्। नेपालको वित्तीय र प्रशासनिक डेटाको ठुलो हिस्सा अप्रत्यक्ष रूपमा अमेरिकी प्रविधिको मातहतमा छ। चुनावी परिणामलाई बालेन वा रास्वपाको पक्षमा पार्न अमेरिकी टेक कम्पनीहरूले महत्वपूर्ण भूमिका खेले। डिजिटल प्लेटफर्मलाई आफू अनुकूल प्रयोग गर्न बालेनले अमेरिकी बिग टेक कम्पनीहरूमार्फत् आफ्नुकूल अल्गोरिद्म प्रचारित गर्न सफल भए। र, अल्गोरिद्मकै ब्याकिङ्मा जनतामाथि राज्यआतंकवाद लादिरहेका छन्।

यहाँसम्म कि बालेन्द्र शाहले प्रधानमन्त्री नियुक्त भएपछि हालसम्म कूल आठ वटा फोटो तथा स्टाटस आफ्नो व्यक्तिगत सामाजिक एकाउण्टमा पोस्ट गरेका छन्। तीमध्ये दुई वटा फोटो निजी प्रयोजनार्थ र बाँकी सबै सरकारी प्रयोजनका हुन्। अब प्रश्न उठ्छ, सरकारी सन्देशको रूपमा राखिएका फोटो तथा विवरण सरकारको आधिकारिक खाताबाट पोष्ट हुनुपर्ने होइन र ?

सरकारी अधिकारीहरू पनि प्रधानमन्त्रीले सरकारी सूचना वा सन्देशहरू सार्वजनिक गर्दा सरकारका आधिकारिक खाताहरू प्रयोग गर्नुपर्ने बताउँछन्। प्रधानमन्त्रीको सचिवालयले नयाँ एकाउण्ट बनाउन पनि सक्ने तर निजी खाताबाट पोस्ट गरेको अवस्थामा बाँकी ४ पेजमा

## अर्घाखाँचीको किसान मोर्चाको संयोजकमा भुसाल



सन्धिखर्क। २०८३ जेठ २ गते अर्घाखाँची जिल्लामा किसानहरूको भेलाबाट क्रान्तिकारी किसान महासङ्घ जिल्ला संयोजन समिति गठन गरिएको छ। जसमा ज्ञानप्रसाद भुसालको संयोजकत्वमा सात सदस्यीय जिल्ला संयोजन समिति गठन गरिएको छ। सदस्यहरूमा खिमराज भट्टराई, शिवबहादुर नेपाली, बीपी भुसाल, नारायण नेपाली, नवीन थापा र गणेश नेपाली रहनुभएको छ। कार्यक्रममा वामपन्थी नेताहरू राजेन्द्र नेपाली र पिताम्बर भट्टराईको विशेष उपस्थिति रहेको थियो।

# जेठ ७ गतेभित्र राज्यले पुनर्वासको व्यवस्थापन नगरे भत्काइएकै ठाउँमा टेन्ट हालेर बस्ने सुकुम्बासीहरुको चेतावनी




काठमाडौं। संयुक्त राष्टिय सुकुम्बासी मोर्चाले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई डोजर लगाएर उठिबास लगाएपछि निरन्तर रूपमा आन्दोलित हुँदै आएको छ। बैशाख ३१ मा माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको मोर्चाले जेठ १ गते शंखमूल र मनोहराको सुकुम्बासी तथा अव्यवस्थित बस्तीमा विरोध प्रदर्शन गर्यो। २०३० सालदेखि बसोबास गर्दै आएका शंखमूलका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको उपस्थितिमा भएको विरोध कार्यक्रममा मोर्चाका नेताहरूले जेठ ७ गतेसम्म बालेन्द्र साह नेतृत्वको सरकारले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको बासको व्यवस्थापन नगरे जेठ ८ गतेबाट भत्काइएकै बस्तीमा टेन्ट हालेर बस्ने चेतावनी दिएका छन्।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै संयुक्त राष्टिय सुकुम्बासी मोर्चाका नेता नारायण परिश्रमीले भने, सरकारले १५ दिनभित्र सुकुम्बासीहरूको वैकल्पिक व्यवस्थापन गर्ने भनेर घरमा डोजर लगाएर उठिबास लगाइदियो। तर करिब महिना दिन बित्न लाग्दा समेत कुनै व्यवस्थापन गरेन। अब हामी जेठ बाँकी ७ पृष्ठमा

## लघुवित्त पीडितको प्रतिवेदन कार्यान्वयन गर्न सरकारसँग माग




काठमाडौं। लघुवित्त तथा वित्तिय शोषण विरुद्धको संघर्ष समितिले अघिल्लो सरकारसँग भएको सहमति कार्यान्वयन नगरे आन्दोलन गर्ने चेतावनी दिएको छ।

शनिबार राजधानीमा समितिले पत्रकार सम्मेलनको आयोजना गरी सर्बोच्च अदालते पीडितको पक्षमा गरेको फैसला कार्यान्वयन गर्नसमेत माग गरेको छ। समितिका अध्यक्ष मनिराम ज्ञवालीले ५ वर्षदेखि निरन्तर संघर्षपछि तत्कालिन प्रचण्ड सरकारसँग पीडितहरूको समस्या समाधानको लागि सहमति भएको तर अझै पनि त्यसको कार्यान्वयन नभएको गुनासो गरे।

२०८०/०८१ मा तत्कालिन डेपुटी गभर्नर डा.निलम ढुंगाना तिमिसिनाको नेतृत्वमा गठित स्थलगत अध्ययन कार्यदलले प्रतिवेदन तयार गरि सार्वजनिक र कार्यान्वयनका लागि अर्थमन्त्रालय पुगेको ज्ञवालीले बताए।

‘प्रतिवेदन कार्यान्वयन नभएपछि लामो आन्दोलनपश्चत हामी न्यायालय बाँकी ७ पृष्ठमा

## भूमि आयोगका पूर्वपदाधिकारीहरूको प्रश्नः सेनाको आडमा डोजर आतंक किन ?




काठमाडौं। राष्ट्रिय भूमि आयोगका पूर्व पदाधिकारीहरूले वर्तमान सरकारले सेनाको आडमा सुकुम्बासी बस्तीहरूमा डोजर लगाएर समस्या गिजोल्न तिर लागेको आरोप लगाएका बाँकी ७ पृष्ठमा

# संविधान संशोधनको प्रश्न

***१) विषय उठान :*** नेपालमा ‘जेन-जी’ विद्रोह पछि २०७२ फागुन २१ गते भएको आम निर्वाचनबाट बनेको बालेन सरकारले मौजुदा नेपालको संविधान (२०७२) लाई सशोधन गर्ने हेतु ‘बहसपत्र’ तयार गर्न कार्यदल गठन गरेपछि यो विषयमाथि छलफल हुनु स्वभाविकै छ। यस अघि पनि कांग्रेस र एमालेको सरकारले २०८१ मा संविधान संशोधनको विषय सार्वजनिक गरेको थियो तर त्यसलाई कार्यान्वयनमा ल्याएन। संविधान भनेको देशको मूल कानुन हो। यसलाई समयानुकूल आवश्यक संशोधन गरी तदनुकूलको कानुन निर्माण गर्ने प्रचलन विश्वभरि नै रहेको छ। संविधान प्रायः क्रान्ति ,जनआन्दोलन र कु -बाट बन्ने गर्दछ। तसर्थ जेबाट संविधान निर्माण भएको भए पनि मूलतः त्यो राजनीतिक प्रणालीलाई स्थायित्व दिने हिसाबले संविधानमा आवश्यक संशोधन गरिन्छ तर‘जेन-जी’ विद्रोह पछि आम निर्वाचन बाट बनेको बालेनको सरकारले,जसको सदनमा दुइ कम दुइ तिहाइ मत छ,संविधानमा कस्तो,कस्तो संशोधन गर्ने हो ? त्यो अग्रगामी होला कि प्रतिगामी ? हामी क्रान्तिकारीहरूले त्यसलाई कसरी हेर्छौं ? यस विषयमा छलफल गरिने छ।

***२) नेपालमा संविधान निर्माणको इतिहास र प्रक्रिया :*** पृथ्वी नारायण शाहको गोर्खा राज्य विस्तार अभियान ‘मुलुकलाई हिन्दुस्थान ’ बनाउने अभिप्रायले - प्रेरित थियो। उनले सैनिक शासन चलाए र युद्धकै क्रममा मरे। गोर्खाली शासकबीचमा अन्तरकलह बढेको अवस्थामा ‘कोत पर्व’घटाएर जंगबहादुर सत्तामा आए। अंग्रेजको सिको गरेर उनले सन् १८५४ (वि.सं १९१०)मा सैनिक शासनलाई



● सीताराम तामाङ ●

बलियो बनाउने हेतु ‘मुलुकी ऐन’ बनाएर बाँकी ६ पृष्ठमा

## सम्पादकीय

# बालेन फासिवादका विरुद्ध निर्णायक प्रतिरोध आन्दोलनको खाँचो

नदी किनार, ऐलानी, पर्ती, गुठी तथा सार्वजनिक क्षेत्रमा रगत पसिना बगाउँदै आका भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूमाथि राज्यले गरिरहेको बर्बरता आज उत्कर्षमा पुगेको छ। बालेन सरकार र स्थानीय तहको स्वेच्छाचारी डोजर आतंकले केवल गरिबका झुप्रा मात्र भत्काएको छैन, बरु नागरिकको बाँच्न पाउने मौलिक हकको समेत चीरहरण गरेको छ। बालेन सरकारको आतंकपूर्ण कदमले आज सुकुमबासी बस्तीहरू शोक र आक्रोशमा डुबेका छन्। न्यूनतम मानवीय संवेदनालाई पनि कुल्चिएर चलाइएको जोडरका कारण बस्तीका चार जना नागरिकले ज्यान गुमाउनु परेको छ। यो मृत्यु नभएर राज्यद्वारा गरिएको संस्थागत हत्या हो। संविधानको धारा ३७ ले प्रत्येक नागरिकलाई 'उपयुक्त आवासको हक' दिएको छ। विकल्प र उचित न्यायिक व्यवस्थापन बिना नागरिकलाई विस्थापित गर्नु प्रचलित संविधानको ठाडो उलंघन र अदालतको अवहेलना हो।

भूमि समस्या समाधान आयोगले लगत संकलन गरिरहेको कानुनी प्रक्रियालाई लत्याउँदै बालेन सरकारको ठाडो निर्देशनमा स्थानीय तहले नेपाली सेनासहित राज्यका पाँचवटा सुरक्षा निकायको एकसाथ परिचालन गरेर बस्तीलाई सुरक्षा घेरामा पारेर जोडर लगाएर जबर्जस्ती उठिबास लगाइयो। भूमिहनी, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई अपराधीलाई जस्तो ठूलो संख्यामा राज्यको सुरक्षा फोर्सको प्रयोग गरेर नियन्त्रणमा लिइयो। होल्डिङ सेन्टरमा राख्ने नाममा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई बन्दी बनाइयो। घर भत्काइदिएर यसरी बन्दी बनाउँदा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको मानसिकतामा कस्तो असर परेको छ, भौतिक र मानसिक रूपमा कति ठूलो क्षति पुगेको छ ? यसको कुनै हिसाब छैन। मानवताका विरुद्ध यति ठूलो अपराध हुँदा पनि यहाँका राजनीतिक पार्टीहरू, नागरिक समाज र मिडियाले जुन रूपमा आवाज उठाउनु पर्ने हो, उठाउन नसक्नु विडम्बनापूर्ण स्थिति बनेको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेकपा (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टी सम्मिलित केन्द्रीय संयुक्त संघर्ष समितिले बाहेक अन्य राजनीतिक पार्टीहरूले सडकमा उत्रिएर सुकुम्बासीको पक्षमा आवाज बुलन्द गरेका छैनन्। बरु हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले निरन्तर रूपमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पक्षमा वकालत गर्दै आएको छ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले त जेठ महिनाभरि सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पक्षमा आन्दोलन गर्ने निर्णय गरिसकेको छ।

काठमाडौं बाहिर ठाउँ ठाउँमा आन्दोलन संगठित हुँदै गएको छ। काठमाडौंभित्र पनि संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाले निरन्तर रूपमा आन्दोलन गरिरहेको छ। अब काठमाडौं बाहिर र काठमाडौंभित्रको आन्दोलनलाई बालेन फासिवादका विरुद्धको राष्ट्रिय जनआन्दोलनको रूपमा अगाडि बढाउन जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं ।
www.moolbato.com

# दलीय राजनीति भित्रका निर्दलीय अभ्यासहरु



● डा. केशव देवकोटा ●

**बर्तमान सरकार र त्यसमा पनि प्रधानमन्त्रि वालेन्द्र शाहका पछिल्ला गतिबिधिले निर्दलीय कार्यशैलीको संकेत गरेका छन् । बहुदलीय राजनीतिक ब्यवस्था भएको मुलुकमा सरकारको कार्यशैली निर्दलीय प्रकृतिको हुनु आफैमा खतराको संकेत हो । नेपालका राजनीतिक दलहरूमा विचारधारात्मक कमजोरी रहेको कुरालाई पनि उपरोक्त घटनाक्रमहरूले स्पष्ट गरेका छन् । नेपालमा धेरैजसो संसदवादी दलहरू सत्ता केन्द्रित भएका कारणले पनि पछिल्लो राजनीतिक अन्योलको अवस्था सिर्जना भएको हो । सरकारमा पुगेपछि दलगत सिद्धान्तभन्दा प्रशासनिक नियन्त्रण र शक्ति संरक्षणमा जोडदिइँदा जनताबीच दल त छन्, तर व्यवहार निर्दलीयजस्तो भयोभन्ने धारणा बन्नेगरेको हो । यदि सरकारले सवैधानिक निकाय, प्रशासन वा सुरक्षा संयन्त्रलाई निष्पक्षभन्दा राजनीतिक हितअनुसार प्रयोग गरेको अनुभूति गराउँछभने त्यसबाट लोकतान्त्रिक सन्तुलनसमेत कमजोर हुन्छ । जनअपेक्षा र लोकतान्त्रिक संस्कृतिको प्रश्न बहुदलीय व्यवस्था केवल दलहरूको अस्तित्वलेमात्र सफल हुँदैन ।**

नेपालमा गत फागुन २१ को निर्वाचनबाट आएको बर्तमान सरकारले सबैतिर अन्योलता बढाउने बिचित्रका गतिबिधिहरू गरिरहेको छ। नेपालमा निर्दलियतालाई प्रोत्साहन गरेको देखिन्छभने अन्तराष्ट्रिय क्षेत्रमासमेत नेपालको बिषयलाई लिएर शक्रि राष्ट्रहरूका बीचमा खिचातानी बढाउने काम भैरहेको छ। जसले यतिबेला मुख्यत नेपालको राष्ट्रिय राजनीतिलाई यतिबेला परिवर्तनको चौबाटोमा पुऱ्याएको छ। तर यसले कुन बाटो लिन्छ भन्ने कुरा खुल्नसकेको छैन। गत भदौ २३ र २४ गते आनदोलनको आबरणमा जसरी बिध्वंश मच्चाउने काम भयो, त्यसैगरी पछिल्ला दिनमा नेपालमा राजनीतिक बिध्वंश मच्चाउनेक्रम पनि भैरहेको छ। जस्तो भदौ २३ र २४ को घटनालाई आधार बनाएर भदौ २७ गते राष्ट्रपतिबाट संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्त गरेर मनोनित प्रधानमन्त्रिको त्यो पनि एकल सिफारिसमा त्यतिबेला चालु अवस्थामा रहेको निर्वाचित संसद बिघटनगर्ने र नयाँ संसदका लागि निर्वाचन गराउने काम भएको थियो। त्यतिबेला संसदको पुनस्थापनाका लागि परेका रिट निवेशनहरूको हालसम्म सुनुवाईसमेत हुनसकेको छैन। जसले कानूनी राज्यको खिल्ली उडाउने काम भएको छ। यसरी गत फागुन २१ गते अन्योलताकै बीचमा नयाँ निर्वाचन गराइएको थियो। सो निर्वाचनबाट आएको परिणाम पनि अप्रत्याशित रहेको थियो भने त्यसपछि गठन भएको बर्तमान सरकारले पनि त्यस्तै खालका बिचित्रका गतिबिधिअरु थालेको छ। यो सरकार ०७२ को संविधान बाहिरबाट बनेको सरकारले गराएको निर्वाचनबाट गठन भएकाले यसले सो संविधानको रक्षागर्ने अपेक्षागर्नु आफैमा केटाकेटी कुरा हुन्छ। जो जसले संविधानसभालाई बिभिन्न शर्तको भारी बोकाएर जबरजस्त ०७२ को संविधान बनाएका थिए, तिनैले गत भदौ २७ गते राष्ट्रपतिलाई संविधान बाहिरबाट कदम चालन सल्लाह पनि दिएका थिए। हाल नेपाली कम्युनिष्ट पार्टीका संयोजक र उप संयोजक रहेका नेताहरू आफैले भदौ २७ को घोषणा आफूहरूको सल्लाह बमोजिम भएको त्यतिबेलानै बताउनु भएको थियो। हाल उहाँहरू ०७२ को संविधानको पक्षमासमेत बोलिरहनु भएको छैन। त्यसरी आएको बर्तमान सरकारले ०७२ को संविधान अनुसारका गतिबिधि गर्छ भनेर अपेक्षागर्नु अथवा गरेन भनेर बिरोधगर्नु दुबै गलत हुन्छ। तर पनि हाल नेपालमा संवैधानिकरूपमा बहुदलीय व्यवस्थानै रहेको मानिन्छ। छवटा दलहरू संसदमा रहेका छन्भने रास्वपा बाहेकका पाँचवटा दल बर्तमान सरकारको बिरोधमा रहेका छन्।

०७२ को संविधानले राजनीतिक दलमार्फत जनप्रतिनिधित्व, सरकार गठन, प्रतिपक्षको भूमिका, तथा जनउत्तरदायित्वलाई लोकतन्त्रको आधार मानेको छ। त्यस्तो अवस्थामा सरकारले निर्दलीय शैलीका गतिविधि देखाएपछि सर्वत्र आश्चर्य ब्यक्त हुनु स्वाभाबिक छ। हेर्नुपर्ने र बुझ्नुपर्ने कुरा के छभने बर्तमान सरकारले निर्णय प्रक्रियामा केन्द्रीकरणगर्दै लगेको छ। जब सरकारले दलभित्रको छलफल, संसदीय बहस वा सहमतिभन्दा सीमित व्यक्तिको निर्णयलाई प्राथमिकता दिन्छ, त्यसलाई निर्दलीय वा व्यक्तिकेन्द्रित प्रवृत्ति मानिन्छ। यसले लोकतान्त्रिक संस्थाभन्दा नेतृत्वको प्रभाव बढाएको देखिन्छ। संसद र प्रतिपक्षको भूमिकालाई कमजोर बनाउने प्रवृत्ति बढेकोभनेर बिभिन्न संसदवादी दलबाट आवाज पनि उठेको छ। बहुदलीय व्यवस्थामा प्रतिपक्ष सरकारको निगरानीगर्ने महत्वपूर्ण शक्ति हो। तर वर्तमान सरकारले संसदको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका भनाईलाईसमेत खासै महत्व दिइरहेको छैन। जुन कुरा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङदेम्बेले ब्यक्त गरेका भनाईहरूबाट पनि स्पष्ट हुन्छ। बर्तमान सरकारले प्रतिपक्षी दलहरूको आलोचनालाई बेवास्तागर्ने, अध्यादेशमार्फत शासन चलाउने वा संसदलाई प्रभावहीन बनाउने जुन प्रयास गरिरहेको छ, त्यसैले यो सरकारको खास राजनीतिक गन्तब्य स्पष्ट गर्दछ।

बर्तमान सरकार र त्यसमा पनि प्रधानमन्त्रि वालेन्द्र शाहका पछिल्ला गतिबिधिले निर्दलीय कार्यशैलीको संकेत गरेका छन्। बहुदलीय राजनीतिक ब्यवस्था भएको मुलुकमा सरकारको कार्यशैली निर्दलीय प्रकृतिको हुनु आफैमा खतराको संकेत हो। नेपालका राजनीतिक दलहरूमा विचारधारात्मक कमजोरी रहेको कुरालाई पनि उपरोक्त घटनाक्रमहरूले स्पष्ट गरेका छन्। नेपालमा धेरैजसो संसदवादी दलहरू सत्ता केन्द्रित भएका कारणले पनि पछिल्लो राजनीतिक अन्योलको अवस्था सिर्जना भएको हो। सरकारमा पुगेपछि दलगत सिद्धान्तभन्दा प्रशासनिक नियन्त्रण र शक्ति संरक्षणमा जोडदिइँदा जनताबीच दल त छन्, तर व्यवहार निर्दलीयजस्तो भयोभन्ने धारणा बन्नेगरेको हो। यदि सरकारले संवैधानिक निकाय, प्रशासन वा सुरक्षा संयन्त्रलाई निष्पक्षभन्दा राजनीतिक हितअनुसार प्रयोग गरेको अनुभूति गराउँछभने त्यसबाट लोकतान्त्रिक सन्तुलनसमेत कमजोर हुन्छ। जनअपेक्षा र लोकतान्त्रिक संस्कृतिको प्रश्न बहुदलीय व्यवस्था केवल दलहरूको अस्तित्वलेमात्र सफल हुँदैन। पारदर्शिता, बहस, सहमति, उत्तरदायित्व र नागरिक सहभागिता पनि आवश्यक हुन्छ। यी पक्षहरू कमजोरहुँदा नागरिकमा व्यवस्थाप्रति निराशा बढ्न सक्छ। नेपालमा बहुदलीय राजनीतिक ब्यवस्था भएर पनि निर्दलीय गतिविधि बढ्नु वा देखिनुको कारण पनि आजको प्रमुख खोजीको बिषय भएको छ। प्रायः दलहरूको अस्तित्वभन्दा पनि शासनशैली, शक्ति केन्द्रीकरण, र लोकतान्त्रिक संस्थाको व्यवहारसँग जोडिएको छ।

लोकतन्त्रलाई सुदृढ बनाउन सरकारले संविधानको मर्मअनुसार पारदर्शी, समावेशी र उत्तरदायी अभ्यासलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ। बर्तमान सरकारले गरेका हरेक निर्णय र लिएका कदमहरू समेत त्रुटीपूर्ण देखिएका छन्। यसक्रममा सर्वोच्च अदालतले ट्रेड यूनियन खारेज गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारीगरेको छ। आदेशमा हाललाई केही नेपाल ऐनलाई संशोधनगर्ने अध्यादेश- ०८३ को दफा १० कार्यान्वयन नगर्नु नगराउनूभनी सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली-०७२ को नियम १९ को उपनियम (४) बमोजिम विपक्षीहरूका नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ भनिएको छ। अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि आगामी छगते बोलाएको छ। त्यसैगरी सर्वोच्च अदालतले यसअघिनै बिद्यार्थी संगठनमाथि रोकलगाउने सरकारी निर्णयका सम्बन्धमा पनि कारण देखाउ आदेश जारीगरेको थियो। बिद्यार्थीका गतिबिधिहरू पनि तीब्र बन्दैगएका छन्। त्यसैगरी सम्पत्ति छानबिन आयोगविरुद्ध दायर भएको रिट निवेदनमा पनि कारण देखाउ आदेश जारीभएको छ। त्यसबारे पनि आगामी छगतेनै छलफलका लागि बोलाइएको हो। त्यसैले आगामी छगते धेरै महत्वपूर्ण निर्णय हुनसक्ने अवस्था छ। दलहरूको मूल्यांकन पनि बर्तमान सरकारप्रति सकारात्मक देखिएको छैन। नेपाली कांग्रेसका नेता तथा प्रवक्ता देवराज चालिसेले त वर्तमान सरकार आफ्नो असक्षमता र गल्तीका कारण आफैं पतनको बाटोमा गएको दाबीगर्दै आउनुभएको छ। उहाँले गतसाता पोखरामा आयोजित कांग्रेसको विशेष प्रादेशिक भेलालाई सम्बोधनगर्दै सरकारको पछिल्लो कार्यशैलीकाबारेमा कटु आलोचना गर्नुभएको थियो। त्यसैगरी एमालेले आज सोमबार सचिवालयको बैठक गरेर समसामयिक राजनीतिकाबारेमा नयाँ रणनीति बनाउन लागेको भनिएको छ। रास्वपाका नयाँ नेता वालेन्द्र शाह प्रधानमन्त्रि भएको १०० दिन पनि पूरानहुँदै असफल भएपछि सो पार्टीभित्र नयाँ प्रधानमन्त्रिको खोजी थालिएको देखिन्छ। यसैक्रममा प्रधानमन्त्रिका प्रतिनिधिकारूपमा अर्थमन्त्रि डा. स्वर्णिम वाग्लेलाई संसदमै अगाडि सारिएका कारण रास्वपा भित्रको अन्तर्बिरोध अगाडि आएको छ। संसदमा रास्वपाले सहकार्य गरेको भनिएको श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईलेनै प्रधानमन्त्री वालेन्द्रलाई नैतिकताका आधारमा तत्काल राजीनामा दिन सुझावदिँदै आउनुभएको छ। अध्यक्ष राईले गत शुक्रबार पनि एक विज्ञप्तिनै जारीगरेर प्रधानमन्त्री वालेन्द्रले संसदीय मर्यादा र लोकतान्त्रिक थिति बसाउन नसकेकोभन्दै राजीनामाको माग गर्नुभएको थियो। उहाँले प्रधानमन्त्रीले संसद र सार्वभौम जनताको अपमान गरेको टिप्पणी गर्नुभएको छ। प्रधानमन्त्रिले संसदीय अभ्यासको इतिहासमा कालो धब्बा लगाएको उहाँको ठहर छ। अध्यक्ष राईले संसदलाई छलेर अध्यादेशको बाटो हिँड्ने बर्तमान सरकारलाई संसदको औचित्य र शक्ति याद दिलाउनुपर्ने देखिएकोसमेत बताउने गर्नुभएको छ।

त्यसैगरी बर्तमान सरकारले ल्याएका अध्यादेशलाई राष्ट्रिय सभाबाट असफल गराउने रणनीतिसहित विपक्षी दलहरूले आठवटै अध्यादेश अस्वीकृतगर्ने सूचना संसदका दुवै सदनमा दर्ता गराएपछि सत्तापक्ष कानूनी र राजनीतिक दबाबमा परेको देखिएको छ। विपक्षी दलहरू एमालेले आठ, नेकपाले चार र कांग्रेसले दुईवटा अध्यादेश अस्वीकृतगर्ने सूचना गतसाता बुधबार दर्ता गराएका थिए। संविधानको धारा ११४ को उपधारा २ को खण्ड 'क' अनुसार सरकारले ल्याएको अध्यादेश संघीय संसदमा दुवै सदनबाट स्वीकार हुनुपर्ने बाध्यात्मक ब्यवस्था छ। दुईमध्ये कुनै एक सदनलेमात्र अस्वीकृत गरेपनि अध्यादेश स्वतः निष्क्रिय हुनेछ। सरकारले ल्याएका अध्यादेश अस्वीकृत भएमा सरकारको नेतृत्वगर्ने प्रधानमन्त्रिले पदबाट राजीनामा दिने परंपरा पनि छ। घटनाक्रमहरूलाई हेर्दा के देखिन्छभने यो सरकारले संसदको चालु अधिवेशन पनि खासै लम्ब्याउन चाहिरहेको छैन। जसलेगर्दा आगामी १५ गते नयाँ बजेट सार्बजनिक गरेलगत्तै संसदको बैठक फेरी अन्त्य हुने संभावनाहरू पनि देखिएका छन्।

०७२ को संविधानले देशलाई समाजवादको बाटोमा लाने उल्लेख गरेपनि बर्तमान सरकारले आगामी बजेटमार्फत देशलाई थप निजीकरणगर्ने संकेतहरू पनि देखिएका छन्। अर्थमन्त्रि डा. वाग्लेले पछिल्ला बिभिन्न कार्यक्रममा देशको अर्थव्यवस्थालाई थप निजीकरणगर्ने बताउँदै आउनु भएको छ। यसरी देशमा झण्डै दुई तिहाइको सरकार भएपनि राजनीतिक अन्योलभने थप बढेर गएको छ। अब नेपालमा फेरी राजनीतिक परिवर्तन हुने कुरालाई कोही कसैले पनि टार्नसक्ने अवस्था छैन। तर देशको सत्ता राजनीति कसरी अगाडि बढ्छ ? त्योभने सबैका लागि बिचारणिय बिषय भएको छ। खासगरी बहुदलीय ब्यवस्थामाथि नै चुनौती देखिएकाले संसदवादी र क्रान्तिकारी शक्तिहरूलेसमेत नयाँ ढंगले सोच्नुपर्ने अवस्था सिर्जना भएको छ।

# अवैध उद्योग तथा व्यापारिक संस्थामाथि नियन्त्रण स्वागत योग्य, व्यवसायीलाई धरपकड गलत : *महासंघ*

काठमाण्डौ। नेपाल उद्योग व्यापार महासङ्घ (एफएनआईसी) ले सकारले हालै कार्यान्वयनमा ल्याएको एमआरपी(म्याक्सिमम रिटेल प्राइस) सम्बन्धी व्यवस्था सकारात्मक भएको बताएको छ। बुधबार काठमाडौंमा महासंघले आयोजना गरेको कार्यक्रममा व्यवसायीमाथिको धरपकड गलत भएको जनाएको छ।





महासंघको चौथो वार्षिक साधारण सभा तथा दोस्रो राष्ट्रिय महाधिवेशनबाट निर्वाचित नयाँ कार्यसमितिको पदवहाली पछि आयोजित पत्रकार सम्मेलनमो बोल्दै अध्यक्ष खिमनारायण पराजुलीले व्यवसायीमाथिको धरपकडप्रति रोश व्यक्त गरेका छन्।

"सरकारका सकारात्मक कामप्रति समर्थन र गलत कार्यप्रति हाम्रो खबर्दारी रहने छ, तर अनावश्यक व्यवसायीलाई आतंकित तुल्याउनु राम्रो विषय हैन" पराजुलीले भने।

अध्यक्ष पराजुलीले बजार व्यवस्थापनको नाममा व्यवसायीलाई अनावश्यक दबाब सिर्जना हुने अवस्था आउन नदिन सरकारसँग आग्रह गर्दै भने,"गैर कानुनीरूपमा भएका गतिविधिमा नियन्तरण गर्नु जायज भए पनि अनावश्यकरूपमा व्यवसायी तर्साउने कदमको महासंघले प्रतिवाद गर्नेछ।"

पराजुलीले बजारमा मूल्य पारदर्शिता कायम गर्ने तथा अनियमितता नियन्त्रण गर्ने उद्देश्यले ल्याइएको व्यवस्था स्वागतयोग्य भएपनि कार्यान्वयनलाई व्यवहारिक, सहज तथा व्यवसायमैत्री बनाउन आवश्यक रहेको बताएको छ।

बजार संरचना, साना तथा मझौला व्यवसायीहरूको अवस्था, उत्पादन तथा वितरण प्रणाली, भन्सार तथा कर प्रक्रियाका व्यावहारिक पक्षहरूलाई मध्यनजर गर्दै एमआरपी प्रणाली चरणबद्ध रूपमा न्यून बिजकलाई निर्मूल गरी व्यवसायीमैत्री वातावरण बनाएर मात्र सम्भव रहेको बताए।

उनले एमआरपी कार्यान्वयनलाई प्रभावकारी बनाउन उद्योगी, व्यवसायीसँग परामर्श र समन्वय, साना व्यवसायीका लागि सहजीकरण र अभिमुखिकरण, कर तथा बिलिङ प्रणालीलाई सरल र स्पष्ट बनाउने व्यवस्था, डिजिटल मूल्य प्रणाली तथा 'क्यूआर-बारकोड' प्रणालीको विकास, स्वादेशी उद्योग तथा उत्पादनलाई सहुलियत दिनुपर्नेलगायतका सुझाव समेत दिएको छ। साथै, एमआरपी सम्बन्धी नीति कार्यान्वयनका क्रममा देखिने व्यावहारिक समस्या समाधान गर्न सरकार र नीजि क्षेत्र तथा उपभोक्ताबीच निरन्तर संवाद र सहकार्य हुनुपर्नेमा जोड दिएको छ।

त्यसैगरी शैक्षिक परामर्श फर्ममा सरकारले छापा मारेको विषयमा पनि महासंघले धारणा सार्वजनिक गरेको छ। अध्यक्ष पराजुलीले अवैध रूपमा संचालनमा रहेका व्यवसायी फर्महरूलाई तत्काल क़ानूनी प्रक्रिया पूरा गर्न दवाव दिने नभए नियमअनुसार कारवाही गर्नुको विकल्प नभएको बताए।

पत्रकार सम्मेलनमा नवनिर्वाचित महासंघका महासचिव सूर्य थापा९बिक्रम०ले 'राष्ट्रिय स्वाधीनताको लागि राष्ट्रिय अर्थतन्त्र, राष्ट्रिय अर्थतन्त्रका लागि राष्ट्रिय औद्योगिकीकरण तथा व्यापार विविधीकरण' को नारा बोकेर स्थापना भएको महासंघले साना तथा मझौला उद्योगी-व्यवसायीहरूको हक, हित र अधिकारका पक्षमा निरन्तर रूपमा आवाज उठाउने बताए।

महासंघको राष्ट्रिय अधिवेशनले पराजुलीको अध्यक्षतामा ९९ केन्द्रीय समिति निर्वाचित गरेको छ। जसमा ७ जना पछिमनोनित छन्।

# चीन यात्राबाट हल होलान् त राष्ट्रपति ट्रम्पसामु खडा चुनौती ?



● लोकनारायण सुवेदी ●

*यद्यपि चीनले बितेको १५ वर्षको कालखण्डमा आर्थिक मोर्चामा विश्वमा जुन सम्बृद्धि हासिल गरिसकेको छ त्यसले गर्दा पनि अमेरिका र चीनका अर्थब्यबस्थाहरु एक अर्कामाथि निर्भर रहन बाध्य जस्तै बनेका छन् । किनकि एकातिर चीन बिश्वको उत्पादन केन्द्र जस्तै बन्न पुगेको छ र सामान्य उपभोक्ताका सरसामानदेखि लिएर अति उच्च प्रविधि सम्वन्धि सामाग्रीहरुको विकासमा समेत उसको दबदबा बेगमान किसिमले निरन्तर बढ्दै गएको छ ।अर्कोतिर अमेरिकाले पनि उच्च प्रविधिको क्षेत्रमा अनुसन्धान तथा उन्नयनमा अझै पनि आफ्नो कब्जा जमाएकै छ । अहिले पनि अमेरिकाको वरीयता उसका बोइङ्ग वायुयानदेखि लिएर बिफ(मासु) तथा भटमास उत्पादन तथा बार्ड आककप ट्रेड(विश्वव्यापी कार्बन क्रेडिट बजार) आदिमा ठूलो संरक्षण प्राप्त रहेकोले अग्रगन्य बनिरहेको छ । त्यो बोर्ड अककफ ट्रेडको माध्यमबाट अमेरिकाले सेमी कण्डक्टर तथा कृत्रिम मेधा(आर्टिफिसिशियल इण्टेलिजेन्स)को क्षेत्रमा लगानी बढाएर चीनलाई अझै पनि पछि पारिरहेको छ । अमेरिका के चाहन्छ भने यस्ता क्षेत्रहरुको व्यापार बढाएर उसले चीनसँगो कारोबारमा सन्तुलन ल्याउन सक्छ । किन पनि भने अमेरिकामा चीनले जे जति निर्यात गर्ने गर्दछ अमेरिका त्यसको सामुमा टिक्ने देखिदैन । अर्कोतिर चीन के चाहन्छ भने अमेरिकाले ताईवानको मामिलामा आफ्नो जिद्दी त्यागोस् र उसलाई त्यस्तो कुनै संवेदनशील सहयोग नदेओस् । जहाँसम्म व्यापारको सम्वन्ध छ चीनले के कोशिश गरिरहेको देखिन्छ भने अमेरिकाले चीन सँग उच्च प्रविधिलाई साझा गरोस् र आयात व्यापार शुल्क मुनासिब माफिक दर मात्र लागु गरोस् ।*

आजको विश्वमा यस कुरामा कसैको दुइ मत छैन कि विश्व राजनीतिमा जुन हलचल मच्चिएको छ त्यसका लागि पूर्णरूपले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प नै जिम्मेवार छन् । उनले 'अमेरिकालाई पुनः महान बनाउने' जुन अमेरिका पहिलो(अमेरिका फर्स्ट)को चक्करमा लागेर विश्वको वर्तमान गति-क्रमलाई भंग गरिदिए र त्यसले गर्दा उनले यूरोप लगायत सारा एशिया तथा अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूको स्वाभिमान र आत्मसम्मानलाई नै ठूलो चोट पुऱ्याए र संकटमा धकेलिदिए । यस क्रममा पछिल्लो समय अमेरिका र ईज्रायल मिलेर ईरानमाथि जुन युद्धको कहर थोपरिरहेका छन् त्यस युद्ध विभिषिकाबाट सारा विश्व नै नराम्रोसँग प्रताडित भइरहेको छ । यसबाट विश्वका अधिकांश देशहरू ठूलो ऊर्जा संकटको अपूर्व स्थितिमा धकेलिएका छन् । आफुले सिर्जना गरेको यस्तो विश्वव्यापी संकटको स्थितिमा पनि राष्ट्रपति ट्रम्प भने के घमण्ड र शेखी दर्शाउन पछि परेका छैनने भने अमेरिकासँग पेट्रोलियम तथा ग्यासको कुनै कमी छैन । वास्तवमा यो अमेरिकाको ठूलो हठधर्मिता उनले प्रकट गरिरहेका हुन् । जसले गर्दा विश्वका विकासशील एशियाली, अफ्रिकी तथा दक्षिण अमेरिकी देशहरूले यो इन्धन संकटको कुनै विकल्प वर्तमानमा पाइरहेका छैनन् । यस्तो संकटपूर्ण विश्व वातावरणमा अमेरिकी राष्ट्रपति चीनको यात्रा गरेर फर्केका छन् । चीनसँगका आफ्ना मतभेदहरू उनले के कत्तिको सुल्झाउन सके र विश्वको बढ्दो संकटलाई टार्ने र पर सार्ने कुरा कत्तिको भरपर्दो र विश्वसनीय तुल्याउन सके त्यो आगामि दिनमा देखिदै जाने छ ।

अहिले भने अमेरिकी राष्ट्रपति ट्रम्प आफ्नै आन्तरिक र राष्ट्रिय समस्या हल गर्न आफैले सिर्जना गरेको अन्तर्राष्ट्रिय सकटको समाधान खोजेर अमेरिकी हित साध्न अमेरिकाका सबैभन्दा धनाढ्यहरूको समूहकासाथ लिएर चीनको भ्रमणमा गएका हुन् भन्ने कुरा चिनले नबुझेको छैन । चीन जस्तो तीब्रतर विकासको गतिमा अगाडि बढिरहेको र विश्वको दोश्रो शक्तिशाली देश बनिरहेको अनि विकासमा विश्वकै पहिलो बन्ने दिशामा कम्मर कसेर लागेको देशले अमेरिकाको सहयोग बिना केही गर्न अर्थात् अघि बढ्न नसकोस् र सक्तैन भन्ने धेय अमेरिकी नेतृत्वको होला । तर चीन जसरी बहुतै तीब्र र वेगबान विकास गतिमा अगाडि बढ्दैछ र एशिया, अफ्रिका र दक्षिण अमेरिकी मुलुहरूमा समेत विशाल लगानीकासाथ अग्रसर छ त्यसमा अमेरिकी नजर नपरोस् र कुनै विघ्नबाधा नआओस् भन्ने कुरामा चीन सजग र चिन्तित रहेको देखिन्छ । अनि के पनि सत्य हो भने अमेरिका र चीन बीच परस्पर विश्वासमाथि ठूलो सन्देह पनि कायमै छ । त्यसैको परिणाम हो कि कतिबेला ट्रम्प चीनमाथि उच्च व्यापार कर लगाउने घोषणा गर्दछन् भने कति बेला त्यो शुल्क घटाउने र हटाउने उपायहरूको खोजी गर्न थालेकोरूपमा पनि प्रस्तुत हुने गर्दै आएका छन् । यस प्रकारको द्वैध चरित्र र व्यवहारले गर्दा चीनले अमेरिकी नेतृत्वलाई भरोसा गर्न सकिरहेको देखिदैन र 'जस्तालाई तस्तै' नीति अख्तियार गरेर चल्दै आएको देखिन्छ ।


यद्यपि चीनले बितेको १५ वर्षको कालखण्डमा आर्थिक मोर्चामा विश्वमा जुन सम्बृद्धि हासिल गरिसकेको छ त्यसले गर्दा पनि अमेरिका र चीनका अर्थब्यबस्थाहरू एक अर्कामाथि निर्भर रहन बाध्य जस्तै बनेका छन् । किनकि एकातिर चीन बिश्वको उत्पादन केन्द्र जस्तै बन्न पुगेको छ र सामान्य उपभोक्ताका सरसामानदेखि लिएर अति उच्च प्रविधि सम्वन्धि सामाग्रीहरूको विकासमा समेत उसको दबदबा बेगमान किसिमले निरन्तर बढ्दै गएको छ ।अर्कोतिर अमेरिकाले पनि उच्च प्रविधिको क्षेत्रमा अनुसन्धान तथा उन्नयनमा अझै पनि आफ्नो कब्जा जमाएकै छ । अहिले पनि अमेरिकाको वरीयता उसका बोइङ्ग वायुयानदेखि लिएर बिफ(मासु) तथा भटमास उत्पादन तथा बार्ड आककप ट्रेड(विश्वव्यापी कार्बन क्रेडिट बजार) आदिमा ठूलो संरक्षण प्राप्त रहेकोले अग्रगन्य बनिरहेको छ । त्यो बोर्ड अककफ ट्रेडको माध्यमबाट अमेरिकाले सेमी कण्डक्टर तथा कृत्रिम मेधा(आर्टिफिसिशयल इण्टेलिजेन्स)को क्षेत्रमा लगानी बढाएर चीनलाई अझै पनि पछि पारिरहेको छ । अमेरिका के चाहन्छ भने यस्ता क्षेत्रहरूको व्यापार बढाएर उसले चीनसँगो कारोबारमा सन्तुलन ल्याउन सक्छ । किन पनि भने अमेरिकामा चीनले जे जति निर्यात गर्ने गर्दछ अमेरिका त्यसको सामुमा टिक्ने देखिदैन । अर्कोतिर चीन के चाहन्छ भने अमेरिकाले ताईवानको मामिलामा आफ्नो जिद्दी त्यागोस् र उसलाई त्यस्तो कुनै संवेदनशील सहयोग नदेओस् । जहाँसम्म व्यापारको सम्वन्ध छ चीनले के कोशिश गरिरहेको देखिन्छ भने अमेरिकाले चीन सँग उच्च प्रविधिलाई साझा गरोस् र आयात व्यापार शुल्क मुनासिब माफिक दर मात्र लागु गरोस् ।

तर अहिलेको ट्रम्पको चीन यात्राको सबैभन्दा प्रमुख र महत्वपूर्ण विषय भनेको अमेरिकार र इज्रायल मिलेर ईरानमाथि थोपरेको युद्ध नै हो । यस लडाईमा ईरानको पक्षमा रुस तथा चीन यसरी खडा देखिदै आएका छन् कि जुनसुकै कुटनीतिक मोर्चामा उनीहरू दुवै ईरानको समर्थन गरिरहेका छन् । संयुक्त राष्ट्र संघ सुरक्षा परिषदमा उनीहरूले अमेरिकाको प्रस्तावलाई असफल तुल्याइरहेका छन् । यद्यपि चिनले ईरानलाई प्रत्यक्ष सैन्य सहयोग गरेको देखिदैन । तर ईराको तेल खरिद गर्ने कुरा नियमितरूपमा यो युद्धकालमा पनि जारी राखेर चीनले ईरानको अर्थब्यबस्थामा आउन सक्ने युद्ध-संकटबाट बचाउने महत्वपूर्ण आर्थिक प्रयास जारी राखेको छ ।

अनि चीनले अमेरिकालाई दुर्लभ खनिज पदार्थहरूको आफूर्तिमा पनि निकै कञ्जुस्याई गरिरहेको छ । जबकि यस्ता दुर्लभ पदार्थहरूको सबैभन्दा ठूलो् बितरक चीन नै रहेको छ । यसकारणले पनि अमेरिकाको बाणिज्यिक विकासमा निकै ठूलो समस्या परिरहेको बताइन्छ । यसैले यतिबेला चीन र अमेरिका दुबै नै 'तिमी पात पात त म डाल डाल'को स्थितिबाट चलिहेको विश्लेषकहरू बताउँदछन् । त्यसले गर्दा कुनै एउटाको शर्त अर्कोले स्वीकार्ने स्थिति छैन र सम्झौता हुने स्थिति पनि बन्दैन । यसले समेत विश्व व्यवस्थाको क्रममा बिपरीत असर परिरहेको ज्ञाताहरू बताउँदछन् । किनभने पहिलादेखिनै कायम रहेको व्यवस्था अन्तरगत बनेका नियामकहरू यसरी टुट्दै गएका छन् कि कथित विकसित यूरोपेली देश तथा विकासशील एशियाली देशहरू यतिबेला एउटै पंक्तिमा खडा भएको देखिन थालेका छन् । यो संस्थागत तरीकाले बिश्व क्रमलाई उल्टाउने सुत्र बनिरहेको छ, त्यसको बिस्तार ट्रम्पले नै गरेको बतइदैछ । त्यसैले अहिलेको ट्रम्प र शी जिनपिङ्ग बीचको भेट बार्ताबाट धेरै कुरा नसुल्झेर प्रगाढता नआए पनि बिश्वमा केही हदसम्म स्थिरता आयो भने त्यसलाई अहिलेका लागि महत्वपूर्ण उपलब्धी मानिने छ । किनभने हमूर्ज जल डमरु क्षेत्रमा चलिरहेको लडाई नथपिदा र त्यो बाटो चालु रहँदा बिश्व अर्थतन्त्रमाथि परिरहेको असर कम भएर र घटेर जाने र पुरानै स्थिति बहाल हुनेछ ।

यस स्थितिमा चीनले कूटनीतिक रूपले अमेरिकामाथि ईरानमा स्थायी युद्ध विरामको घोषणा गर्ने महत्पूर्ण उपाय खोज्न दबाब दिन सक्छ । अमेरिकाले त्यसो नगरे अमेरिकाले ताईवानलाई चीन विरुद्ध हात हतियार आपूर्ति गरेजस्तै चीनले ईरानलाई आपूर्ति गर्न सक्छ । त्यसले. गर्दा अब फेरि पनि युद्ध जारी राख्नु भनेको पहिलेकोभन्दा भीषण आक्रमण, पत्याक्रमण घोर विनाश र अपूर्व संकट निम्त्याउनु बाहेक अरु केही हुनेछैन । अतः अत्यन्तै आवश्यक के छ भने अमेरिका र चीन दुई विश्व महाशक्तिका बीच स्थिरताको उपयुक्त वातावरण बनोस् जसबाट विश्व थप तनाव र बेचैनीमा फेरि नपरोस् । त्यसमा पनि ट्रम्पका लागि यो कुरा अझ महत्वपूर्ण किन हुन्छ भने उनको घरेलु राजनीतिक साख पनि गिर्दो अवस्थामा पुगेको छ । उनले आगामी नोभेम्बर महिनामा हुने मध्यावधी चुनावमा गिर्दो साखलाई बचाउन पनि चीनसँग केही महत्वपूर्ण र सकारात्मक सम्झौता गरेर खाली हात नफर्किनु पर्ने उनको बाध्यता नै बनेको छ । चीनले पनि यो कुरा राम्ररी नै बुझेको छ । त्यसैले ट्रम्पको चीन भ्रमणले विश्वलाई के असर पर्ने हो त्यो अहिले लेखाजोखा र प्रतिक्षाको विषय बनिरहेको छ ।

# हिंस्रक जंगली जनावरको आतंक भन्दा अझ खतरनाक डोजर आतंक ?



● नारायण प्रसाद भण्डारी ●

**अहिले नेपालमा मानिस घोर घना जंगलमा हिंस्रक खर्तनाक बन्य जगंली जनाबरको आतंक देखि डराउन्न तर डोजर आतंकले आतंकित बनाएको छ । जनता त्रसित छ । भएका झुपडिमा डोजर लाग्यो अब यो प्रकृतिले आफनो बल प्रयोग गर्ने बाढि पहिरो झरि बादलको पीडादायी अबस्थामा कहाँ जाने ? के गर्ने ?नत रोजगार नत बैकल्पिक अबस्था ? अहिले सरकार बाट घोसित मासिक १५ हजार पाउने कस्ता प्रकृतिका हुन ? थाहा छैन सायद फेरि पनि वास्तविक सुकुमबासीभन्दा हुकुम बासीकै बाहूयता हुने हो की ?**

नेपाली जनताले शुसासनको लागि दर्जनौ पटक संघर्ष गरे । रगतको खोलो बगाए । परिबर्तनका लागि आवाज उठाउँने नेतृत्वको पक्षमा र शुरक्षाको बिषयमा आफु मरेर सन्तान मराएर जे जस्तो बलिदानीको आबश्यक पर्छ । त्यसको लागि कहिल्यै कुनै प्रकारको कमि हुन दिएनन । नेतृत्वले बोलेका प्रत्यक शब्दको र्निदेशनलाइ अक्षरस पालना गरे । त्यति मात्र नभै आफु र आफना सन्तान भोकै राखेर भुइमा सुतेर नेतृत्वलाइ कुनै कुराको असुबिधा नहुने गरि ब्यबस्थापन गरे । जनताले नेतृत्व, पार्टी, क्रान्तिको पक्षमा गृहस्थ जीवन गुमाए । शिक्षा स्वास्थ्य आफनो सन्तानको भविष्य समाप्त पारे । सस्कृतिको नाममा जीवनमा कमाएका पुर्खाको रगत संग साटिएका अमूल्य गर गहना सम्पत्ति पार्टी करण गरे । अहिले सम्म पार्टी, क्रान्ति, विचार, दर्शन देश जनताको परिबर्तन भन्दै लागेका योद्धाहरू कहाँ कस्तो अबस्थामा छन, कसैले खोज गुहार पनि गर्दैनन ?कति जा दिन आ काल भन्दै कोलाहल गर्दै थाङ्ने ओच्छयानमा काल पर्खि रहेका छन । काहि कतै मेरा ति बेपत्ता हराएका कलिला सन्तान कतै छन कि ?आउछन कि भन्दै आँगनको डिल हेर्दै छन । विचरा ती असफल अधुरो जीवन संग लडी रहेका सबै सपना हावा हुरीले चक्नाचुर पारेर खुसि लुटिएका अभिभाबकहरू उनीहरूका जीवन भर नत आखाँ ओभाए नत ओठमा मुस्कान आउँन सके । नत तिनीहरूका आर्तहरूमा मलम पटिट लगाउन सक्ने राज्यका ठेकेदार भन्नेहरूले के छ ? भन्ने शब्द समेतले सम्बोधन गर्न सके । यो कस्तो दर्दनाक कथा ब्यथाले भरिएको पीडादायी नरकीय जीवन ?

अहिलेको बर्तमान अबस्था त झनै दर्दनाक कठोर यातना अन्याय निर्दयी अपराधिक अबस्थामा जीउँदै मरे तुल्य अबस्थामा बाँच्न बाध्य बनाइयो । नेपालमा २०२८ पछि भूमि सम्बन्धि कुनै प्रकारको काम कार्य हुन सकेन ।२०२८ अगाडि जोत पोतको ऐन कानुन बने । समय पन्चायत कालिन भएपनि जन्ताले जोत भोग ओत को थोरै भएपनि आफनो अधिकार त प्राप्त गरेका थिए ।त्यस पछि जनसख्या बढदै गयो ।बनको भूभागमा जनता ओत लाग्न बाध्य भए । जस्को कारण ऐलानी को जन जीवन तिब्र रूपमा समस्या मूलक बन्दै आयो । केहि जनता बसेकै सयमा थाहै नदिएर संसथाका नाममा नापिए यस्तै अबस्था वित्दै जादाँ विगतमा सरकारमा पुग्ने हरूले दलाल गर्दै भए त्रास देखाउदै यदि मैले हारे भने यो बस्ति उजाड बन्ने छ भन्ने त्रास देखाउँदै तिनै गरिब निमूखा र्सबहारा का बस्तिहरू भोट बैक बनाएर ब्रम्ह्लुट गरे तर हाल सम्म कति आयोग बने ?कति भाषण छाटिए ?तिनै बस्तिले चप्पल पडकाइ हिडने सर्बहाराका नारेवादीहरूलाइ महल छाप बनाइदिए ।साना गाडि घोडाका कुरै छोडौं हवाइ जहाज हेलिकप्टर का बार्केनीङ गर्ने भए ? बिगतमा आफैले कम्लरी प्रथाको अन्त्य गर्ने भने अहिले स्वय ले घर भरि नोकर चाकर बिस्तारा देखि भान्सा सम्म विभिन्न उमेर समूहको चाङ लगाउँन पुगे । बिहानको चिया नास्ता गगन चुम्बि होटलमा साँझको नास्ता पानि रिसोठमा परिवार सहितको करोडौका पारवाहन हरूमा पुग्ने भए । बिगतका ती दलाल हरू का सम्पत्ति बाहिर कहाँ कहाँ कति छन ? उनी आफु नै अनविज्ञ छन ।आज आएर सरकारमा पुगेकाहरूबाट तिनै असहाय, निसाहाय गरिबका बस्तिहरूमा डोजर आतंक मच्चिरहेको छ ।त्यसता गरिबहरूह्रु नै फेरि चपेटाकामा परेका छन ।

बास्तबमा अहिले नेपाली जनता देश र उनी बिगतका जान्ने मान्ने हरेक स्थानमा हस्तक्षेप गर्ने पहुचमा पुगेका नेता सत्ताको मातमा रमाउँनेहरूको अबस्था कस्तो छ ?

(क) बिगतका हात्ती छाप चप्पल लाउने नेताहरू जनताको १बर्ष सम्म खानामा लाग्ने टोटल खर्च को तुलनामा उनीहरूका दर्जनौ प्रकारका जुता चप्पल छन ।जनताका खुटटा धाजा फाटेको अबस्थामा छन ।

(ख)जनताले एक छाक मासु र भात खान कम्तिमा ३ देखि ६ महिना कुर्नु पर्छ । नेताका भान्सामा प्रत्यक छाकमा कम्तिमा ५ प्रकारका भेराइटिको मासु पाक्छ ।

(ग) जनताले एक जोर वरापरि पाउन दशै वा मेला पर्व खुसयिाली कुर्नु पर्छ ।त्यो पनि ३० प्रतिसत होलान ?बाँकी त तिनै हात्ति छापले फालेका जडयौरीमै नागों ढाक्न बाध्य हुन्छन ।भने नेताका स परिवारले दिनमा कम्तिमा ५ जोर सेट त्यहि अनुसारका मेकप त्यसै अनुसारका गर गहनामा सजीन्छन ।

(घ)जनता एबं बिगतमा क्रान्तिमा होमिएर संसार गुमाएकाहरू सार्बजनीक बाहनमा उक्लने क्षमता छैन ।प्राय जसो नजीकमा पैदल मार्च टाढा जानै परे रोइ रोइ त्यसैमा पनि मालिक उनका मतियार हरू बाट ठगिएर लुटिएर यात्रा गर्न बाध्य हुन्छन भने नेता जन बिभिन्न प्रकारका पारबाहनमा मौसम अनुसारका सेबा सुबिधा भएका हरूमा यात्रा गर्छन ।

(ङ)जनता ले केहि गरि साधन जोरि हाले भने दर्जनौ स्थानमा भूत भयार खुसि पार्नु पर्ने बाध्य हुन्छन ।तिनै चिज नेताले खरिदन खोजे उपहार सहित घरमै आउँछन ।

(च)जनता माथि असख्य कर हरूले टाउँको उठाउँन सक्ने अबस्था छैन ।नेता गण लाइ सेबा सुबिधाको फालाफाल छ ।

(छ)जनता बस्ने घर टहरा अब्यबस्थित ऐलानी कुनै सस्थाका अतिक्रमित हुन्छन तर नेताका भने आबाश मा पर्छन ।

(ज)एउटै प्रकृतिको स्थान्मा नेता जनताका संरचना हुन्छन ।त्यसैमा जनताको अतिक्रमणमा पर्छ डोजर आतंक मच्चिन्छ तर नेताको अति शुरक्षित होसियारी अप्नाएर स्वंय शुरक्षा दस्ताले शुरक्षित गरि राख्छ भने बर्तमान को राज्य र गरिब निमुखा सर्बहारा बर्गको सम्बन्ध यस्तो छ ।भने अहिलेको बर्तमान झण्डै दुइ तिहाइको बहुमत प्राप्त सरकार र जनताको सम्बन्ध एबं अबस्था कस्तो छ ?

अहिले नेपाल र नेपालीको अबस्था इतिहासकै खर्तनाक निरङकुश तानाशाही जीवन मरणको दोसाध एबं डोजर आतंकको कहाली लाग्दो जीवन संग संघर्षरत सडक छाप को जीवनमा बाँच्न बाध्य छन ।किनभने गरिब आफै गरिब हुदैनन ।गरिब हुनका धेरै कारण हरू हुन्छन ।जस्तै

(१) साहुको लघुबित्तिय सहकारी बैंक लगाएतका हरूको मिटर ब्याजे ऋृण तिर्न नसकेको कारण उठिबास लगाइएका हरू को ओत लाग्ने स्थान मेटिएर ऐलानीमा सरण लिन बाध्य भएका हरू ।

(२)अर्को नेपालमा रोजगार भएन ज्यान पाल्ने कुनै बिकल्प भएन ।बाध्यता बस बिभिन्न प्रकृया बाट भएका सन्तान विदेश पलाएन भए ।अब कमाइ काज गरि आउलान भन्दै दिन गन्दै दियोमा तेल थप्दै गरेका ।बृद्ध बा आमा छोरा छारी श्रीमती को अगाडि लासको बाकस आयो ।अब के गर्ने ?त्यहि सहारा विहिनको मौकामा मिटर घुमाउँदै गर्ने हरूले छाक बास उठिबास लगाएका हरू ।

(३)अर्का एकथरि ब्यापार ब्यबसाय गर्न खोजे तर विविध कारण बस डुबे तिनी पनि गरिबकै चपेटामा परे ।

(४)कोहि विदेशको प्रलोभनमा अबैधानीक बाटो दलालको फन्दामा परेर भएको संपत्ति गुमाएका हरू ।

(५)अर्को एउटा बिडम्बना का गरिब असाय सत्ता धारि बेइमानी भ्रष्टचारी धोकेबाज दलाल हरूले मुक्त कमैयाको बाहनामा थोरै भएपनि पिडा दायी तर जस्तो भएपनि ओतमा बसेका हलिया चरुवा कम्लर कम्लरनी हरूलाइ बिना विकल्पै निकालेर त मुक्त कमैया भइस भनेर आफना भोट बैंक बनाइएका हरू ।

विगतमा जस्ले जस्ले जस्का पालामा यस्ता खाले हर्कत गरे उनैले तिनैका बस्तिमा घुसेर फेरि उनै माथि शासन गरे ।आफना भएका श्रेस्ता वाल जमिन हरू पलटिङ लिज भाडामा दिएर लाखौ करौडौको ब्रम्ह्लुट गरे तिनै फेरि सुकुम्बासीका भन्दा चर्का नारा लगाउँदै तिनै पिडितलाइ अघि लगाउँदै तिनै लाइ मराउँदै सडकमा चिल्लाइ रहेका छन भने राज्यले त्यस्ताहरूको छानविन बिना विकल्प विना डोडर आतंक मच्चाएर कोहि आत्म गरि मरे कोहि बेहोस छन ।कोहि डिफरेसनका शिकार बनेर आधा जीवन बाच्न बाध्य छन् । त्यसकारण अहिले नेपालमा मानिस घोर घना जंगलमा हिंस्रक खर्तनाक बन्य जगंली जनाबरको आतंक देखि डराउन्न तर डोजर आतंकले आतंकित बनाएको छ । जनता त्रसित छ । भएका झुपडिमा डोजर लाग्यो अब यो प्रकृतिले आफनो बल प्रयोग गर्ने बाढि पहिरो झरि बादलको पिडा दायि अबस्थामा कहाँ जाने ? के गर्ने ?नत रोजगार नत बैकल्पिक अबस्था ? अहिले सरकार बाट घोसित मासिक १५ हजार पाउने कस्ता प्रकृतिका हुन ? थाहा छैन सायद फेरि पनि वास्तविक सुकुमबासीभन्दा हुकुम बासीकै बाहूयता हुने हो की ? अहिलेसम्मको प्रबृतिले त्यस्तै देखायको कारण विस्वास गर्ने कुनै आधार भेटिन्न यस्तै यस्तै आतंकित त्रसित को जीवन टडकारो रूपमा डोजर आतंकको दिन चर्या विताउँन बाध्य छन ।नेपाली जनता धन्यवाद ।

# नेपाल-भारत सिमानामा रू १०० भन्दा वढी दैनिक उपभोग्य सामानमा भन्सारलिने आदेश कार्यान्वयन नगर्न सर्वोच्चको आदेश




काठमाण्डौ । सर्वोच्च अदालतले नेपाल-भारत सीमाबाट ल्याइने १०० रूपैयाँभन्दा बढी मूल्यका दैनिक उपभोग्य वस्तुमा भन्सार शुल्क उठाउने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

न्यायाधीश हरिप्रसाद फुयाँल र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय तथा सम्बन्धित निकायका नाममा उक्त आदेश जारी गरेको हो । अदालतले अर्को आदेश नभएसम्म विवादित व्यवस्था लागू नगर्न निर्देशन दिएको छ ।

यो आदेश अधिवक्ताहरू अमितेश पण्डित, आकाश महतो, सुयोगी सिंह र प्रशान्त विक्रम शाहले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि आएको हो । निवेदकहरूले अर्थ मन्त्रालयको निर्णय भन्सार ऐन, २०८१ को छुटसम्बन्धी व्यवस्थासँग बाझिएको दाबी गरेका थिए ।

यसअघि अर्थ मन्त्रालयले १०० रूपैयाँभन्दा बढी मूल्यका सामानमा अनिवार्य भन्सार शुल्क लगाउने निर्णय गरेपछि तराई-मधेश क्षेत्रका नेपाल-भारत सीमामा कडाइ गरिएको थियो । सीमाक्षेत्रमा चेकजाँच कडा भएपछि स्थानीयस्तरमा विरोधसमेत चर्किएको थियो ।

विशेषगरी सीमावर्ती क्षेत्रमा साना किनमेल र दैनिक उपभोग्य सामग्री ल्याउने सर्वसाधारण प्रभावित भएको भन्दै आलोचना बढिरहेको अवस्थामा सर्वोच्च अदालतको यो आदेश आएको हो । अदालतको अन्तरिम आदेशसँगै अन्तिम फैसला नआएसम्म सरकारले यस्तो भन्सार शुल्क उठाउन पाउने छैन ।

यो निर्णयले सीमावर्ती क्षेत्रका नागरिकलाई तत्काल राहत मिल्ने अपेक्षा गरिएको छ भने सरकारको भन्सार नीतिमाथि नयाँ बहस सुरु भएको छ ।

# के छ सुकुम्वासी पर्चामा ?



**गास, बास र कपास मानव अधिकार हो ! सुकुम्बासीमाथिको दमन फासीवाद हो !!**

*-क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल*

*सुकुम्बासी तथा आम जनसमुदाय !*

बालेन्द्र शाह नेतृत्वको सरकारले सपथ खाएको भोलिपल्टैदेखि फासीवादी शैली अपनाएको कुरा सर्वविदितै छ । वैशाख १२ गतेदेखि भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासी बस्तीहरूमा काठमाडौँको थापाथलीबाट चलाइएको डोजर आतङ्क अदालतको आदेश आउने दिनसम्म जारी रह्यो । यसरी वैकल्पिक व्यवस्था नगरिकन किन सुकुम्बासी बस्तीमा डोजर लगाएको भनी सोधिएको जनताको प्रश्नको उत्तरमा सरकार भन्छ, "सरकारी जग्गा अतिक्रमण गरी बसेकोले ।" आम जनताले पुनः प्रश्न गरेका छन्, "के सुकुम्बासीहरू नेपाल सरकारका जनता होइनन् ?" सरकारले यसको कुनै जवाफ नदिई देशभरि सुकुम्बासी बस्तीहरूमा डोजर चलाइरह्यो । आज आएर अदालतले सुकुम्बासी बस्तीहरूमा डोजर नचलाउन आदेश गरेको स्थिति छ ।

सुकुम्बासी को हुन् ? आज हामीले त्यसको परिभाषा गर्नुपर्ने बेला आएको छ । घरबारविहीन, भूस्वामित्वविहीन, उत्पादनका साधनहरूबाट वञ्चित र श्रम गरेर पनि खान नपुग्ने शहर तथा खोला किनारको सरकारी जग्गामा झुपडी बनाएर बस्न विवस मानिसहरू नै सुकुम्बासी हुन् । के ती ठाउँमा उद्योग तथा कारखाना सञ्चालन गरिएको र ती सुकुम्बासीलाई क्षमता अनुसारको रोजगारी दिइएको भए त्यहाँ आश्रय लिन्थे ? नेपालमा नवउदारवादी अर्थतन्त्रको उदयसँगै सीमित औद्योगिक क्षेत्रहरूको पनि बन्ध्याकरण गरियो र रोजगारीका लागि नेपालीहरूले अन्तर्राष्ट्रिय श्रम बजारमा श्रम बेच्नुपर्ने बाध्यता भयो । विदेशमा श्रम बेच्ने समेत पहुँच नभएका सुकुम्बासीहरू खोला छेउमा टहरा बनाएर बस्न र शहरमा काम खोज्न बाध्य भएका छन् । दलितहरू त युगौंदेखि सुकुम्बासी छन् नै । भूमि समस्या व्यवस्थापन आयोगका अनुसार नेपालमा सुकुम्बासीहरूको सङ्ख्या ११ लाख २९ हजार रहेको छ ।

*न्यायप्रेमी जनसमुदाय !*

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल सुकुम्बासीहरूको तर्फबाट सरकारलाई के भन्न चाहन्छ भने नेपालमा लाखौं नागरिकहरू आज पनि भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासी जीवन बिताउन बाध्य छन् । यो उनीहरूको रहर होइन । एकातिर पुस्तौंदेखि श्रम गरेर देश निर्माणमा योगदान गरेका किसान, मजदुर, दलित, विपन्न र सीमान्तकृत समुदाय अझै पनि सुरक्षित आवास र जग्गाको अधिकारबाट वञ्चित छन् भने अर्कोतिर हजारौँ बिघा जमिन सीमित दलाल, माफिया, ठुला भूस्वामी र गुठीको कब्जामा रहेको छ । गरिब जनता सडक, खोला किनार, पहिरो जाने पहाडको धराप मुनि र वन क्षेत्रमा बस्न बाध्य छन् । यो आवासको मात्र समस्या होइन, यो त सामाजिक न्याय, समानता र मानव अधिकारको प्रश्न हो । यसका साथै यो समुदाय बेरोजगार भएर थुप्रिएको सामाजिक रूपान्तरणको जगेडा शक्ति हो । त्यसका लागि यहाँ राष्ट्रिय उद्योग तथा कलकारखानाको पुनर्स्थापना र विकास गर्न आवश्यक छ ।

वैज्ञानिक भूमिसुधार कार्यक्रम लागु नहुनु र भूमिको असमान वितरण, अव्यवस्थित सहरीकरण, गरिबी र वास्तविक सुकुम्बासीको पहिचानमा राजनीतिक तथा आर्थिका बिचौलियाहरूको अवरोध र राज्यको दीर्घकालीन नीतिको अभाव हुनु सुकुम्बासी समस्याका कारण हुन् । यसको तत्कालीन समाधानका लागि : क) राजनीतिक पहुँच र दलालीका आधारमा होइन, वास्तविक सुकुम्बासी पहिचान गरी तिनलाई परिचय पत्र दिन, ख) हरेक सुकुम्बासीलाई सम्मानजनक बसोबास र जीविकोपार्जन सुनिश्चित गर्न, ग) लामो समयदेखि बसोबास गर्दै आएका परिवारलाई सो जग्गामा कानूनी स्वामित्वको प्रमाणपत्र प्रदान गर्न, घ) वैकल्पिक व्यवस्था नगरी सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जबरजस्ती उठीबास नगराउन र ङ) अर्को व्यवस्था नहोउन्जेल, होल्डिङ् सेन्टरमा राखिएका सुकुम्बासीहरूका लागि पर्याप्त खाना, स्वस्थ्यकर पानी, स्वास्थ्योपचार र स्कुले बच्चा-बच्चीहरूको पठन-पाठन जस्ता आधारभूत सुविधा उपलब्ध गराउन हाम्रो पार्टी नेपाल सरकारसँग माग गर्दछ । *-क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल*

## बालेन...

सर्वसाधारण झैँ कर्मचारी पनि अलमलमा पर्ने अवस्था रहेको उनीहरूको भनाइ छ ।

बालेनले अप्रिल १४ मा नयाँ वर्ष ०८३ को शुभकामना दिँदै एउटा स्टाटस लेखेका थिए । जबकी विगतमा प्रधानमन्त्री कार्यालयले नागरिकलाई सम्बोधन गरेर औपचारिक शुभकामना पत्र नै जारी गर्थ्यो । त्यस्तै उनले अप्रिल १७ मा माताातीर्थ औँशी र अप्रिल २१ मा मच्छिन्द्रनाथ जात्राको शुभकामना सन्देश जारी गरेक थिए ।

सर्वत्र विरोध र चासोको विषय बनेको काठमाडौंको डोजर आतंकबारे प्रधानमन्त्री बालेनले सरकारको आधिकारिक अकाउन्टबाट प्रष्टीकरण दिनुपर्ने थियो । तर त्यो पनि निजी अकाउन्टबाट दुई वटा प्रष्टीकरण दिएका छन् । मनिटाइजेसन भएको व्यक्तिगत एकाउन्टबाटै संसद छलेर ल्याइएका आठ वटा अध्यादेशबारे जनतालाई स्पष्ट पार्न पनि आफ्नै अकाउन्टको गरेका थिए ।

थप शक्तिशाली बन्ने महत्वकांक्षा

प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले २२ वटा मन्त्रालयको संरचनालाई परिमार्जन गरी १८ वटामा झारेको छ । 'नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४' लाई खारेज गर्दै नयाँ नियमावली, २०८३ जारी गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत ४८ वटा जिम्मेवारी तोकिएको छ । मन्त्रालयबीचको समन्वय, राष्ट्रिय सुरक्षा, भ्रष्टाचार नियन्त्रण र नीति निर्माण, मन्त्रिपरिषद्का निर्णय कार्यान्वयन, राष्ट्रिय सुरक्षा परिषद्, लगानी बोर्ड, राष्ट्रिय अनुसन्धान विभाग, अख्तियार, लोक सेवा आयोग, मानव अधिकार आयोग, राष्ट्रिय सतर्कता केन्द्र, संवैधानिक परिषद् र राष्ट्रिय योजना आयोग मुख्य जिम्मेवारी प्रधानमन्त्री कार्यालय मातहतमा राखिएको छ ।

नयाँ नियमावलीले साइबर सुरक्षा, डेटा गभर्नेन्स, र कृत्रिम बौद्धिकता (एआई)को उच्चस्तरीय नीतिगत समन्वयको नयाँ जिम्मेवारी थपेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा साबिकको सञ्चार मन्त्रालय अन्तर्गतको सूचना प्रविधिसम्बन्धी कार्य र गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय अनुसन्धान विभाग गाभिएको छ ।

यस्तै अर्थ मन्त्रालयको जिम्मेवारीमा बजेट तर्जुमा र कार्यान्वयन, आर्थिक नीति, राजस्व सङ्कलन (भन्सार, कर), वैदेशिक ऋण र अनुदान, बैङ्किङ तथा वित्तीय संस्था नियमन र सेयर बजार गरी ४६ कार्य तोकिएको छ । यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई औद्योगिक नीति, वैदेशिक लगानी, खानी तथा खनिज, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार, ग्यास तथा पेट्रोलियम पदार्थको आपूर्ति र उपभोक्ता हित संरक्षण गरी ४५ विषयको जिम्मेवारी पनि प्रधानमन्त्रीकै कार्यालयमा सारिएको छ ।

यता ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई जलविद्युत् विकास, नवीकरणीय ऊर्जा, अन्तरदेशीय प्रसारण लाइन, सिँचाइ प्रणाली, र नदी नियन्त्रण गरी २५ वटा कार्यभार तोकिएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको भागमा ऐन, नियम र अध्यादेशको तर्जुमा, कानुनी परामर्श, सन्धि सम्झौताको तयारी र संसद्को कार्य सञ्चालनमा समन्वय गरी ३२ वटा जिम्मेवारी परेको छ ।

यस्तै नयाँ नामकरण गरिएको कृषि, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रभित्र खाद्य सुरक्षा, कृषि र पशुपालन, वन संरक्षण, वन्यजन्तु निकुञ्ज, जलवायु परिवर्तन र प्रदूषण नियन्त्रण, कार्बन व्यापार र प्रकृतिमा आधारित पर्यटन गरी ६२ विषय समेटिएको छ । कृषि, वन र वातावरणलाई गाभेर कृषि, वन तथा पर्यावरण मन्त्रालय बनाउँदा साबिकको निकाय पनि जोडिन पुगेका छन् ।

गृह मन्त्रालयको नेतृत्वमा शान्ति सुरक्षा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, निर्वाचन आयोग, नागरिकता, अध्यागमन, कारागार व्यवस्थापन र विपद् जोखिम न्यूनीकरण गरी ५२ वटा विषय राखिएको छ ।

यस्तै परराष्ट्र मन्त्रालय मुख्य जिम्मेवारीमा परराष्ट्र नीति, कूटनीतिक सम्बन्ध, विदेशस्थित नेपाली नियोग, कूटनीतिक आचारसंहिता, गैरआवासीय नेपाली, राहदानी, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नेपाल परराष्ट्र सेवा सञ्चालन लगायत २३ वटा विषय पर्दछन् ।

सहरी विकास र खानेपानी गाभिएपछि बनेको पूर्वाधार विकास मन्त्रालयलाई राष्ट्रिय राजमार्ग, रेलमार्ग, रणनीतिक सडक, पुल र यातायात व्यवस्थापन, राष्ट्रिय पुनर्निमाण, सहरी विकास सम्बन्धि मापदण्ड, खानेपानी आयोजना, ढल निर्माण, सिँचाइ प्रणाली विकास, इन्जिनिरिङ सेवा सञ्चालन लगायत ३८ कार्यभार तोकिएको छ।

यस्तै भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जग्गा नाप जाँच, कित्ताकाट ,भूमिसुधार तथा व्यवस्थापन, सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, सहकारी संस्था नियमन, सर्भे लाइसेन्स, कर्मचारी प्रशासन (निजामती सेवा), सङ्घीयता कार्यान्वयन तथा स्थानीय तहसँगको समन्वय गरी ४५ वटा कार्यभार तोकिएको छ ।

यो मन्त्रालयमा तत्कालीन भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सबै कार्यभार समेटिएको देखिन्छ। यस्तै महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको नाम लामो राखिए पनि कार्यभारको सूची भने छोटो छ ।

जसमा महिला र बालबालिका अधिकार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको संरक्षण र समाज कल्याण परिषद्, राष्ट्रिय बाल अधिकार परिषद्, बाल संगठन, महिला, दलित, समावेशी लगायतका आयोगहरू र सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गरी १८ कार्यभार तोकिएको छ। साबिकको श्रम तथा रोजगार मन्त्रालयबाट सामाजिक सुरक्षा झिकेर यता गाभिएको छ।

यस्तै युवा, श्रम तथा रोजगार मन्त्रालयको जिम्मेवारीभित्र युवा स्वरोजगार, वैदेशिक रोजगार नियमन, श्रम अधिकार र औद्योगिक विवाद समाधान, विदेशीहरूका लागि श्रम स्वीकृति, ट्रेडयुनियन सम्बन्धी एकीकृत कानुन र नियमन लगायत १७ वटा विषय तोकिएको छ।

श्रम तथा रोजगारमा युवा सम्बन्धी विषय थपिएको छ। यता रक्षा मन्त्रालयलाई नेपाली सेनाको सञ्चालन र व्यवस्थापन, राष्ट्रिय रक्षा नीति र रणनीतिक सुरक्षा मामिला, निकुञ्ज संरक्षण लगायत २२ वटा कार्यभार तोकिएको राजपत्रमा उल्लेख छ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको कार्यक्षेत्रमा कृत्रिम बौद्धिकता (एआई), अन्तरिक्ष विज्ञान र खगोल अध्ययन, रोबोटिक्स, स्टार्टअप प्रवर्द्धन, परमाणु प्रविधिको शान्तिपूर्ण प्रयोग र ओजन तह संरक्षण गरी १७ विषय राखिएको छ । यो मन्त्रालय पनि अहिले प्रधानमन्त्री मातहत नै राखिएको छ ।

यता शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत विद्यालय तथा उच्च शिक्षा नीति, विश्वविद्यालय, पाठ्यक्रम विकास र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद विकास गरी २७ काम तोकिएको छ भने सूचना तथा सञ्चार मन्त्रालयको जिम्मेवारीमा दूरसञ्चार र इन्टरनेट नीति, रेडियो, टेलिभिजन र छापा सञ्चारमाध्यम नियमन, हुलाक सेवा र डिजिटल नेपाल फ्रेम वर्कलगायत २७ विषय समेटिएको छ। शिक्षाबाट विज्ञान प्रविधि झिकेर खेलकुद थपिएको छ भने सञ्चार मन्त्रालयबाट सूचना प्रविधि झिकेर सूचना र सञ्चार मन्त्रालय बनाइएको छ।

यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई ऐतिहासिक सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, पर्वतारोहण र उड्डयन तथा विमानस्थल व्यवस्थापन लगायत ३४ कार्यभार सुम्पिँदा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको क्षेत्राधिकारमा ३७ विषय समेटिएको छ। जसमा जनस्वास्थ्य नीति, अस्पताल व्यवस्थापन, औषधि नियमन, स्वास्थ्य बिमा र खाद्य पदार्थको गुणस्तर र स्वच्छता नियमन लगायत छन् ।

स्वास्थ्यबाट जनसङ्ख्या झिकेर खाद्य सुरक्षा थपिएको छ। खारेज भएका युवा तथा खेलकुद, खानेपानी र सहरी विकास मन्त्रालयको कर्मचारी र भौतिक संरचनाको व्यवस्थापन सुरु भएको छ। साबिकको खानेपानीमा स्वास्थ्य र सहरी विकास मन्त्रालयको भवनमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय राख्ने तयारी छ ।

बालेनको फासिवादलाई न्यायालयको अंकुश ?

सरकारको निर्णयमा अदालतको रोक : प्रक्रियामा त्रुटि कि न्यायिक सक्रियता ?

सर्वोच्च अदालतले करिब एक साताभित्र सरकारका चार महत्वपूर्ण निर्णयविरुद्धअन्तरिम/अन्तरकालीन आदेश जारी गर्दै कार्यान्वयनमा रोक लगाइदिएको छ। सर्वोच्च अदालतले पछिल्लो पटक एक जेठमा सय रूपैयाँभन्दा बढीको सामानमा भन्सार शुल्क लिने सरकारको कदममा रोक लगाउने अन्तरिम आदेश गरेको छ। त्यसअघि सोमबार सर्वोच्चका छुट्टाछुट्टै इजलासले कर्मचारी ट्रेड युनियन खारेजी र विश्वविद्यालयमा विद्यार्थी संगठन प्रतिबन्धसम्बन्धी सरकारको निर्णयमा अल्पकालीन अन्तरिम आदेश जारी गरेका थिए। यस्तै, २५ वैशाखमा सुकुमवासी र अव्यवस्थित बसोबासीलाई प्रक्रिया नपुर्‍याई नहटाउन अन्तरिम आदेश जारी भएको थियो ।

प्रधानमन्त्री शाह नेतृत्वको संवैधानिक परिषद्ले वरीयता मिचेर प्रधानन्यायाधीशमा मनोजकुमार शर्मालाई सिफारिस गरेयता उल्लिखित चार आदेश जारी गरिएका हुन् । परिषद्ले शर्मालाई गत २४ वैशाखमा प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो। अदालतका यी आदेश दीर्घकालीन नभए पनि अर्को सुनुवाइ नभएसम्म सरकारले आफ्नो निर्णय कार्यान्वयन गर्न पाउँदैन ।

कामु प्रधानन्यायाधीश मल्लले कानुन दिवसका अवसरमा गत शनिबार आयोजित कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री वालेन्द्र शाह, सभामुख डीपी अर्याल र कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोबिता *बाँकी ५ पृष्ठमा*

# लोकतन्त्रको इतिहास



● शालिकराम भण्डारी ●

*०४६ सालमा त्यो व्यवस्था फिर्ता गरियो । तर यो सम्झौतासँग असन्तुष्ट कम्युनिस्टले यसलाई स्वीकार गरेनन् । साम्राज्यवादी लोकतन्त्र विरोधमा एक दशकभन्दा बढी समयसम्म सशस्त्र युद्ध जारी राखे । फलस्वरुप श्री ५ को वंशीय राजतन्त्र गद्दीबाट हटाइयो । देश लोकतान्त्रिक गणतन्त्रमा परिणत भयो । फल यत्ति मात्र हात लाग्यो । साम्राज्यवादी विस्तारवादी मिलोमतोमा नयाँ जनवादी हुँदै समाजवादमा लक्ष्य लिएर युद्ध गरेमा नायक र केही संलग्न टोलीलाई सम्झौता अथवा समर्पण गर्न बाध्य गरियो । जनताको लोकतन्त्रमा जाने बाटो काँडाको .........वार लगाएर छेकियो । अगाडि बढ्न दिइएन । जन लोकतन्त्रमा जसरी बहुसंख्यक जनताले सम्पूर्ण आर्थिक, राजनैतिक अधिकार प्राप्त गर्न सक्थे रोक लगाइयो । ........अनुदान, विप्रेषण र वस्तु आयात गर्ने बाहेक देश एक इन्च अगाडि बढ्न पाएन । तैपनि लोकतन्त्र नाप्ने निर्वाचन गराइरहेकै छ । अहिले फागुन २१ गते सम्पन्न ०८४ मा हुनुपर्ने चुनाव ०८२ मा एकाएक सारिएकोले लोकतन्त्रको हरिविजोग भएको छ । बेलायतमा सबभन्दा पहिले पुँजीवादी लोकतन्त्र स्थापना भयो –नेपालमा बल्ल बल्ल पाएको सीमित लोकतन्त्र ०१७ सालमा राजा महेन्द्रले प्रतिगमनतिर लगे । तिनले पनि गाउँदेखि राष्ट्रिय तहसम्म निर्वाचन गराउँथे जस्तो "राष्ट्रिय पंचायत" लोकतन्त्र नै भन्थे । अर्को शब्दमा भन्नुपर्दा सामन्ती लोकतन्त्र अझ उनी भन्ने गर्थे मौलिक लोकतन्त्र । अहिलेका लोकतन्त्र सबै साम्राज्यवादी लोकतन्त्रमा परिणत भएका छन् । नेपालको फागुन २१ को निर्वाचन पनि त्यही हो । दलाल तथा नोकरशाही पुँजीपतिको हो ।*

बेलायत लोकतन्त्रको जननी हो । मध्ययुगदेखि जरा गाडी बसेको सामन्तवादी पद्धति जहाँ ठूलाठूला भूमिपतिले गरिब भूमिहीन किसानलाई दास बनाउँथे र तिनैलाई श्रम गर्न लगाएर कृषि उत्पादन गर्ने गरिन्थ्यो । तर त्यो उत्पादकत्वको तीन चौथाई भन्दा बढी भागमा भूमि मालिकको कब्जा हुन्थ्यो । ती मालिकको रक्षक भै काम गर्न, कतै घुन पुतला लाग्न नदिनको निम्ति राज्य व्यवस्थाको रचना गरिएको हुन्थ्यो । राज्यले गरिब किसानलाई दमन भूमिपतिले किसान वर्गलाई शोषण गर्थे । त्यो रक्षक शासनको परिपाटी भनेको वंशीय राजतन्त्र हो । तत्कालीन कृषि उत्पादनबाट मात्र मानिसका बढ्दै गैरहेका सबै आवश्यकता पूरा हुन छोडिसकेका थिए । अतिरिक्त वस्तुहरूको उत्पादन हुन थालिसकेको थियो । वस्तुहरूको नया उत्पादनको वर्ग बढ्दै जाँदा कृषि उत्पादन पनि संघर्षमा पछाडि पर्‍यो । पुरानो पद्धति नयाँ बीच संघर्ष अत्यन्त गहिरो हुँदै गयो । आजसम्म भूमिपति शक्तिशाली हुने गर्थे-अब पुँजी लगानीकर्ता मालिक हुन थाले, किसानको सट्टा मजदुरहरूको भूमिका उत्पादनमा प्रमुख हुँदै गयो । भूमिपतिको रक्षक शासनको स्वरूप बेलायत संवैधानिक राजतन्त्रात्मक लोकतन्त्रमा परिणत भयो । यही लोकतन्त्रले अमेरिका, भारत लगायत विश्वमा औपनिवेशिक शासन अझ विस्तार गर्दै लाग्यो दमन र शोषणको मात्रामा कुनै कमी भएन । सामन्तवादी व्यवस्थाले गरेको दमन, शोषण भन्दा पुँजी लगानीकर्ता (पुँजीपति)द्वारा गरिने गरेको मात्र धेरै गुणा बढी हुँदै गयो । राजनैतिक दमन सामन्तवादी व्यवस्थामा खपिसक्नु थिएन । यस पुँजीवादी लोकतन्त्रमा धेरै कम भयो । स्वतन्त्रता प्राप्त भयो । औपनिवेशिक शासनबाट शोषित पीडित राष्ट्र पनि मुक्तिको लागि संघर्ष गर्न थाले । सर्वप्रथम आजको शक्तिशाली अमेरिका जसले धेरै अगाडि साम्राज्यवादी रूप लिइसकेको थियो । त्यसले गणतन्त्रात्मक लोकतन्त्र स्थापित गर्‍यो । जसको मतलव राज्यको प्रमुख जनताबाट निर्वाचित हुने प्रणाली भयो । नियम, कानुन, संविधान निर्माण गर्ने जनताले प्रतिनिधि छान्न पाउने राजनैतिक अधिकार पाए । प्रतिनिधिले छलफल बहस गर्ने ठाउँलाई संसद भनिन्छ । तिनले शासन संचालन गर्न बनाइने विधिलाई संसदीय विधि अथवा व्यवस्था परिभाषित गरिएको हो । नेपाल र छिमेकी देश भारत लगायत लगभग सबै देशमा वंशीय राजतन्त्र विस्थापित भैसकेको छ ।

यद्यपि यस संसदीय व्यवस्था अन्तर्गत जनताले धेरै राजनैतिक अधिकार प्राप्त गरेका छन् । राज्यले गर्दै आएको दमन, सामन्तवादको तुलनामा कम भएको छ, स्वतन्त्रताको सास फेर्न पाएका छन्। तर त्यो स्वतन्त्रता सबै वर्गको लागि उपलब्ध कहिले हुन सकेन । जनताको अति न्यून संख्याले मात्र भोगचलन गर्दै आएको छ । बहुसंख्यक जनता आर्थिक शोषण, राजनैतिक दमनबाट उम्किन पाएको छैन । शोषण उहिले जमिनपति, जमिनदारद्वारा गरिब किसान, भूमिहीनलाई गरिने गरिन्थ्यो, अहिले त्यही काम उद्योग, कलकारखाना र व्यापारिक प्रतिष्ठानमा काम गर्ने श्रमिक, मजदुरलाई पुँजीपति वर्गले गर्छ । धन सम्पत्ति थुपार्न केन्द्रित गर्न सक्ने वर्गले आर्थिक, राजनैतिक अधिकार सम्पूर्णमाथि कब्जा गरेको छ ।

गरिखाने वर्गको जीवनस्तर अत्यन्त तल्लो स्तरमा छ, जहि पनि उसलाई हाहाकार छ । त्यसैले यो लोकतन्त्रलाई पुँजीवादी अथवा साम्राज्यवादी लोकतन्त्र जे भने पनि हुन्छ । मुठ्ठिभर जनताले उपभोग गर्ने लोकतन्त्रको जति प्रशंसा, गुणगान गाएपनि श्रमिक मजदुर सर्वहारा किसान तथा अन्य शोषित, पीडित वर्गको लागि कहिले पनि हितकर भएको छैन, हुने पनि छैन । माथि उल्लेखित वर्ग त्यसबेला शोषण, दमनबाट मुक्त हुनेछ । स्वतन्त्रतापूर्वक जीवनस्तर माथि लाग्नेछ, जुन बेला साम्राज्यवादीहरूको हातमा रहेको अधिकार निम्न वर्ग र राष्ट्रहरूको हातमा पर्नेछ । बाहिर संसारलाई सच्चा लोकतन्त्र सावित गर्न समय समयमा निर्वाचन गराइन्छ । जसलाई विजयी बनाउन चाह्यो, जो भक्त छ । त्यही सफल हुन्छ । त्यसैको बहुमत संख्या निर्वाचित हुन्छन् । यसरी लोकतन्त्रको नाममा बहुमतको तानाशाही व्यवस्थाको राज हुन्छ । दुई ठूला देशको बीचमा रहेको भूपरिवेष्ठित सानो देश नेपालमा पनि यस्तै व्यवस्था २००७ सालमा जन्म भयो । सामन्ती निरंकुश वंशीय राजतन्त्र श्री ३ लाई फाल्ने र भारतमा त्यहाँको लोकतन्त्र यहाँ पनि कायम भयो । १५ वर्ष देखि यसैको निरन्तरता छ । बीचमा एउटा संसदीय निर्वाचन गराइयो, त्यसैलाई पनि सामन्त वंशीय अर्को राजतन्त्र श्री ५ ले खाइदियो । संसदीय व्यवस्थाको निम्ति लड्ने नेपाली कांग्रेस र यसै व्यवस्थाबाट पनि समाजवाद प्राप्त गर्न सकिने नीति लिएका दक्षिणपन्थी संशोधनवादी कम्युनिस्टहरूको लामो संघर्षद्वारा सीमित अधिकार मात्र पाउने गरी राजदरबारसँग सम्झौता गरियो र ०४६ सालमा त्यो व्यवस्था फिर्ता गरियो । तर यो सम्झौतासँग असन्तुष्ट कम्युनिस्टले यसलाई स्वीकार गरेनन् । साम्राज्यवादी लोकतन्त्र विरोधमा एक दशकभन्दा बढी समयसम्म सशस्त्र युद्ध जारी राखे । फलस्वरूप श्री ५ को वंशीय राजतन्त्र गद्दीबाट हटाइयो । देश लोकतान्त्रिक गणतन्त्रमा परिणत भयो । फल यत्ति मात्र हात लाग्यो । साम्राज्यवादी विस्तारवादी मिलोमतोमा नयाँ जनवादी हुँदै समाजवादमा लक्ष्य लिएर युद्ध गरेमा नायक र केही संलग्न टोलीलाई सम्झौता अथवा समर्पण गर्न बाध्य गरियो । जनताको लोकतन्त्रमा जाने बाटो काँडाको .........वार लगाएर छेकियो । अगाडि बढ्न दिइएन । जन लोकतन्त्रमा जसरी बहुसंख्यक जनताले सम्पूर्ण आर्थिक, राजनैतिक अधिकार प्राप्त गर्न सक्थे रोक लगाइयो । ........अनुदान, विप्रेषण र वस्तु आयात गर्ने बाहेक देश एक इन्च अगाडि बढ्न पाएन । तैपनि लोकतन्त्र नाप्ने निर्वाचन गराइरहेकै छ । अहिले फागुन २१ गते सम्पन्न ०८४ मा हुनुपर्ने चुनाव ०८२ मा एकाएक सारिएकोले लोकतन्त्रको हरिविजोग भएको छ । बेलायतमा सबभन्दा पहिले पुँजीवादी लोकतन्त्र स्थापना भयो -नेपालमा बल्ल बल्ल पाएको सीमित लोकतन्त्र ०१७ सालमा राजा महेन्द्रले प्रतिगमनतिर लगे । तिनले पनि गाउँदेखि राष्ट्रिय तहसम्म निर्वाचन गराउँथे जस्तो "राष्ट्रिय पंचायत" लोकतन्त्र नै भन्थे । अर्को शब्दमा भन्नुपर्दा सामन्ती लोकतन्त्र अझ उनी भन्ने गर्थे मौलिक लोकतन्त्र । अहिलेका लोकतन्त्र सबै साम्राज्यवादी लोकतन्त्रमा परिणत भएका छन् । नेपालको फागुन २१ को निर्वाचन पनि त्यही हो । दलाल तथा नोकरशाही पुँजीपतिको हो ।

खास लोकतन्त्र, जनताको लोकतन्त्र त्यही मात्र हुन्छन् । पुँजीवाद र त्यसको सबभन्दा उपल्लो श्रेणी साम्राज्यवाद शक्तिहीन हुन्छ। सिधा शब्दमा भन्ने हो भने तिनको हातमा रहेको सम्पूर्ण पुँजी, धनसम्पत्ति , शक्ति राजनैतिक अधिकार जनताको हातमा जनताको निम्ति प्रयोग नहुँदासम्म तिनको सम्पत्ति खोसेर तिनलाई पनि कामदारमा नल्याउँदासम्म यस्तो सोच्न पनि सकिंदैन, सम्भव पनि हुँदैन। अहिलेसम्म विश्वमायस्तो परिवर्तन ल्याउने क्रान्ति गर्ने देश रुस र चीन मात्र छर्लङ देखिएका छन् । रुसले अक्टोबर (१९१७) को क्रान्तिबाट सुरु गर्‍यो । चीनले १९४९ को मुक्ति युद्ध सफल भएपछि अहिलेका उपल्लो वर्गको प्रतिनिधित्व हुने संसदबाट कहिले पनि जनताको लोकतन्त्र पाउन सकिंदैन । ती प्रतिनिधिहरूको निम्ति एउटै कुरा महत्वपूर्ण हुन्छ। कसरी पुँजी /धनसम्पत्ति बृद्धि गर्ने, त्यसको रक्षा गर्ने । त्यहाँ जनताको लोकतन्त्र प्राप्त हुने आशा गर्नु सतप्रतिशत व्यर्थ हुन्छ । त्यहाँ हुने भनेको त शोषण, दमन, लुटपाट घुस, भ्रष्टाचार मात्र हो ।

## बालेन...

गौतमलगायतलाई निम्ता दिएकी थिइन् । तर राष्ट्रपति, उपराष्ट्रपति र सभामुख उपस्थित भए, प्रधानमन्त्री र कानुनमन्त्री उपस्थित भएनन् ।

कार्यक्रममा कामु प्रधानन्यायाधीश मल्लले सरकारसँग दुईतिहाइ भए पनि आफू नडराउने बताइन् । न्यायाधीशहरूलाई पनि नडराई न्याय सम्पादन गर्नुपर्ने उनको भनाइ थियो । त्यसपछि अर्कै कार्यक्रममा रास्वपा सभापति रवि लामिछानेले सरकारको निर्णयको बचाउ गर्दै आफूविरुद्ध सर्वोच्चमै हतियार रहेकाले प्रयोग गर्न चुनौती दिएका थिए । यसअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वमन्त्री रमेश लेखकलाई छाड्न सर्वोच्च अदालतले आदेश जारी गरेको थियो ।

***कागतमा एउटा, व्यवहारमा अर्को***

अघिल्लो वर्ष वैशाख १९ मा संसद्मै प्रस्तुत भएको नीति तथा कार्यक्रम १५५ बुँदे थियो, यस वर्ष ५५ बुँदा कमी छ । सरकारले २०८२ चैत १२ मा जारी गरेको सय प्राथमिक कार्यसूचीजस्तै, आर्थिक वर्ष २०८३/०८४ लागि पनि १०० बुँदा नै प्रस्तुत गरेको छ । सय कार्यसूचीमा दुई बुँदा (बुँदा नं. ९१ र ९२) मा भूमि मुद्दा समेटेको वर्तमान सरकारले, नीति तथा कार्यक्रममा चाहि ४ बुँदामा भूमि प्रशासन र भूमि सुधारको कार्य समेटेको छ ।

भूमिको समग्र लगत लिएर भूउपयोग योजना बनाई भूमिहीन, अनौपचारिक बसोबासी र साना किसानको भूमि हक सुनिश्चिततालाई प्राथमिकता दिन सरकारसँग विज्ञहरूको मागनीति तथा कार्यक्रमको बुँदा १७ मा लेखिएको छ, 'कृषियोग्य जमिन बाँझो रहने प्रवृत्तिलाई निरुत्साहित गर्दै भूमि बैंक प्रणालीमार्फत बाँझो जमिनलाई उत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा साना तथा सीमान्तकृत किसानको पहुँच सुनिश्चित गरिनेछ । किसान सूचीकरण, परिचयपत्र र क्रेडिट कार्डमार्फत सहुलियत पूर्ण वित्त र प्रविधिमा पहुँच विस्तार गरिनेछ । करार खेती, सहकारी खेती र कृषि वन प्रणालीलाई प्रोत्साहन गरिनेछ ।'

२० वर्षदेखि यी विषय सरकारको नीति तथा कार्यक्रममा पर्ने गरेका छन्– केही शब्द र अक्षर फरक होलान्, तर भाव उही । संविधान जारी भएपछि तयार भएको राष्ट्रिय भूमि नीतिहरूमा पनि भूमि बैंकको अवधारणा परेको थियो । तर, हालसम्म पनि भूमि बैंक अभ्यासमा आउन सकेको छैन । पछिल्लो समय मानिसको बढ्दो शहर बसाइँ, युवाहरूको बढ्दो विदेश पलायन, कृषि बाली र भूमिमा बढ्दो जलवायु परिवर्तनको असर, सिँचाइ अभाव आदीले खेतीयोग्य जमिन बाँझो हुने क्रम बढ्दो छ । सरकारले किसानहरूलाई सूचीकरण गर्ने, परिचयपत्र वितरण गर्ने भने पनि हालसम्म यस्तो कार्य देखिने र महशुस गर्ने गरी व्यवहारमा आएको छैन । लामो समयदेखि किसानहरूले माग राख्दै आएको भए पनि हरेक वर्ष किसान परिचयपत्र र सोको आधारमा अनुदान पाउने कार्यक्रम सरकारी दस्तावेजमा हुन्छ, तर कार्यान्वयन कहिल्यै हुँदैन ।

यस्तै, नीति तथा कार्यक्रमको बुँदा १८ मा लेखिएको छ- 'नापी र मालपोत सेवालाई एकीकरण गरी जग्गा प्रशासन सेवा चरणबद्ध रूपमा सबै स्थानीय तहमा विस्तार गरिनेछ । आधुनिक प्रविधिबाट भूमिको नाप नक्सा गरी अभिलेख अद्यावधिक गर्ने प्रक्रिया अगाडि बढाइनेछ । भूमिको स्वामित्व र उपयोगबीच सन्तुलन कायम हुने गरी असुरक्षित स्थानमा बसोबास गर्ने, भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या दीर्घकालीन समाधानका लागि सुरक्षित र उचित बसोबासको व्यवस्थापन गरिनेछ ।'

राष्ट्रिय स्वतन्त्र पार्टीले चुनावअघि सार्वजनिक गरेको 'वाचा पत्र'मा भनेको छ, 'एक प्राधिकरण गठन गरी १००० दिनभित्र भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गरिनेछ ।' प्रतिनिधिसभामा लगभग बहुमत सिट जीतेको रास्वपाको सरकार बनेको भोलिपल्ट अर्थात २०८२ चैत १३ गते जारी 'सरकारको सय प्राथमिक कार्यसूची'को बुँदा ९१ मा पनि यो विषय समेटेको छ । यसलाई पनि कार्यान्वयनको एक चरण मान्न सकिन्छ । सरकारले ६० दिनभित्र भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन र प्रमाणीकरण गरी विवरण तयार गर्न तत्कालिन भूमि समस्या समाधान आयोगमार्फत पत्राचार पनि गरेको थियो ।

यसबीचमा कति भूमिहीन सुकुमबासी परिवारको लगत लिइयो, कतिको प्रमाणीकरण भयो भन्ने विषयको प्रगति विवरण सरकारले यतिबेलासम्म सार्वजनिक गरेको छैन । तर, सरकारले काठमाडौं उपत्यकामा बसोबास गर्ने भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको घरबासमा डोजर लगाएर उठिबास गरिदिएको छ । उनीहरूलाई बसोबासस्थलबाट जबरजस्ती उठाई/हटाइ होल्डिङ सेन्टरमा लगेर राखेको छ । यसबाट करिव २० हजार मानिस विस्थापन भएको बताइएको छ । साथै, जिल्ला जिल्लामा पनि सरकारी तथा सार्वजनिक जग्गा खाली गर्न गरेको पत्राचारपछि विभिन्न जिल्लामा पनि बस्ती खाली गराउन सूचना जारी भएको छ भने बाँकेको कोहलपुर, पर्साको विरगञ्जलगायतको ठाउँमा त उठीबास नै भइसकेको छ । अर्कोतिर अध्यादेशमार्फत भूमि ऐन २०२१ को नवौं संशोधन र भूमि समस्या समाधान आयोग नै खारेज गरिदिएको छ ।

पछिल्लो केही सातादेखि देशभरका भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरू आन्दोलित छन् । उनीहरू त्रासमा छन्, जो वालेन्द्र शाह सरकारले त्रास सिर्जना गर्‍यो, भूमिहीनको उठीबास लगायो भन्दै सडक-नाराबाजीमै उत्रिइरहेका छन् । त्यसैले बाचा र नीति तथा कार्यक्रम एकातिर, काम अर्कोतिर हुने र भुइँ वर्गलाई भन्दा मध्यम र ठूला वर्गलाई मात्रै पोस्न खोज्दा आम श्रमजीवी वर्ग बालेन्द्र सरकारको विरुद्ध सडक संघर्षमा जान बाध्य भएको छ ।

***देशभर संगठित हुँदै प्रतिरोध आन्दोलन***

भूमिहीन, सुकुमबासी, स्ववासी र अव्यवस्थित बसोबासीहरूको १२,२४,०४४ लगत निवेदन भूमि आयोगमा दर्ता भएको थियो । यो निवेदन रेकर्ड भूमि आयोगमा दर्ता भएको डिजिटल रेकर्ड हो । एकातिर भूमि आयोगको खारेजी, अर्कोतिर डोजर लगाएर सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको उठिबास लगाइदिएपछि देशैभर भुमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू एकसाथ आन्दोलित भएका छन् ।

अव्यवस्थित बसोबासी तथा भूमिहीनले आइतबार (आज) बुटवलमा वृहत प्रदर्शन र राष्ट्रिय सम्मेलन आयोजना गरेका छन् । नेपाल भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासी संघर्ष समिति रूपन्देहीको आयोजनामा प्रदर्शन र सम्मेलन आयोजना भएको हो ।

बुटवलको राजमार्ग चौराहामा जम्मा भएर दिउँसो १ बजे शुरु हुने प्रदर्शन ट्राफिकचोक पुगेर सभामा परिणत हुने आयोजकले बताएका छन् । 'प्रदर्शनमा भूमिहीनरअव्यवस्थित बसोबासीको उल्लेख्य वस्ती रहेका २२ बढी जिल्लाबाट हजारौंको सहभागिता हुन्छ,' संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलले भने ।

सरकारले विना विकल्प गरिब सुकुमवासी तथा अव्यवस्थित बसोबासीका घरटहरामा डोजर चलाएर उठीबास लगाउने कार्य गरेकाले यसको सशक्त विरोध गर्न प्रदर्शन गर्न लागिएको उनले बताए । प्रदर्शनमा ३० हजार बढी सुकुमवासी तथा अव्यवस्थित बसोबासीको उपस्थिति हुने उनको दाबी छ ।

सरकारले वैकल्पिक व्यवस्थाको भरपर्दो व्यवस्था नगरी हतारोमा वस्तीमा डोजर चलाएपछि देशभरका १२ लाख बढी परिवारका झण्डै ५० लाख नागरिक प्रभावित भएको पीडितहरूले बताउँदै आएका छन् ।

वर्षौंदेखि बस्दै आएको घरबास सरकारले हटाउन सक्ने त्रासले लाखौं नागरिकमा मानसिक पीडा र तनाव भएकाले सरकारलाई दबाब दिन आन्दोलन गरिएको आयोजकहरूले बताएका छन् । प्रदर्शन पछि हुने सभामा भूमिहीन तथा अव्यवस्थित बसोबासी अगुवाहरूले सम्बोधन गर्ने छन् ।

जेठ ४ गते बुटवलमै हुने सम्मेलनमा भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्याको न्यायोचित समाधान गर्न विज्ञहरू समेतको सहभागितामा छलफल गरी ठोस निचोड निकाल्ने, राष्ट्रियस्तरको संघर्ष समिति गठन गर्ने र सरकार तथा प्रमुख दलहरूलाई ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्मेलनले तय गर्ने आयोजकहरूले जानकारी दिएका छन् ।

संघर्ष समितिको आन्दोलनलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, श्रम संस्कृति पार्टी, राप्रपा, नेकपा माओवादी, सहित रूपन्देहीका १२ राजनीतिक दलले ऐक्यबद्धता जनाएका छन् ।

संघर्ष समितिले यस अघिको सरकारले ल्याएको भूमि सम्बन्धी कानून कार्यान्वयनको माग गरेको छ ।

जेठ ७ भित्र व्यवस्थापन नगरिए भत्काइएकै ठाउँमा टेन्ट हालेर बस्ने चेतावनी

संयुक्त राष्टिय सुकुम्बासी मोर्चाले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई डोजर लगाएर उठिबास लगाएपछि निरन्तर रूपमा आन्दोलित हुँदै आएको छ । बैशाख ३१ मा माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेको मोर्चाले जेठ १ गते शंखमूल र मनोहराको सुकुम्बासी तथा अव्यवस्थित बस्तीमा विरोध प्रदर्शन गर्‍यो । २०३० सालदेखि बसोबास गर्दै आएका शंखमूलका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको उपस्थितिमा भएको विरोध कार्यक्रममा मोर्चाका नेताहरूले जेठ ७ गतेसम्म बालेन्द्र साह नेतृत्वको सरकारले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको बासको व्यवस्थापन नगरे जेठ ८ गतेबाट भत्काइएकै बस्तीमा टेन्ट हालेर बस्ने चेतावनी दिएका छन् ।

विरोध प्रदर्शनलाई सम्बोधन गर्दै संयुक्त राष्टिय सुकुम्बासी मोर्चाका नेता नारायण परिश्रमीले भने, सरकारले १५ दिनभित्र सुकुम्बासीहरूको वैकल्पिक व्यवस्थापन गर्ने भनेर घरमा डोजर लगाएर उठिबास लगाइदियो । तर करिब महिना दिन बित्न लाग्दा समेत कुनै व्यवस्थापन गरेन । अब हामी जेठ ७ गतेसम्म पर्खन्छौं । त्यस अवधिभित्र व्यवस्थापन नगरे जेठ ८ गतेबाट हाम्रा घर भत्काइएकै ठाउँमा टेन्ट हालेर बस्छौं संयुक्त राष्टसंघ, राष्टिय मानव अधिकार र मिडियाहरूको रोहबरमा । त्यसबेला राज्यले दमन गर्‍यो भने त्यसबाट उत्पन्न हुने परिस्थितिको राज्य आफै जिम्मेवार हुनेछ ।

त्यसैगरी सुकुम्बासी मोर्चाकी नेतृ बिना बज्राचार्य, इन्द्र तामांगले पनि होल्डिंग सेन्टरमा सुकुम्बासीहरूलाई बन्दीको जस्तो व्यवहार गरिएको, मनोवैज्ञानिक रूपमा ठूलो यताना शिविर जस्तो बनेको, क्षणिक प्रलोभनमा भुल्याउन अनेक प्रचारबाजी गरेको भन्दै दीर्घकालीन वैकल्पिक व्यवस्थापन नगरे बस्तीमै आएर बस्नुको कुनै विकल्प नरहेको बताएका थिए ।

बालेन्द्र साह नेतृत्वको सरकारले उपत्यकाका १९ वटा सुकुम्बासीहरूमा जोडर लगाएर उठिबास लगाएको छ । कतिपय सुकुम्बासीहरू होल्डिंग सेन्टरमा राखिएको छ र कतिपयले आफन्तहरूको घरमा शरण लिएका छन् । होल्डिंग सेन्टरमा रहेका सुकुम्बासीहरूमाथि राज्यले बन्दीको जस्तै व्यवहार गरेको भन्दै सर्वत्र असन्तुष्टी, विरोध र आक्रोश पोखिरहेका छन् । तर करिब महिनादिन वित्न लाग्दा पनि राज्यले कुनै वैकल्पिक व्यवस्थापन गर्न सकेको छैन । बरु उल्टै काठमाडौंका सुकम्बासीहरूलाई काभ्रेको बनेपा पुर्‍याइएको छ । उनीहरूले राज्यले थप सास्ती दिएको भन्दै आक्रोश पोखिरहेका छन् ।

# पृथ्वी कसको ? : विचार र लयको फ्युजन



● जगदीशचन्द्र भण्डारी ●

***संसदीय समयमा निर्मित चोरपथका अनुयायीहरूका विरुद्धको कवितात्मक गर्जनले पंज्ञानीलाई पुँजीवादविरोधी कित्ताको कवि बनाएको छ, गरिबवर्ग र शोषितवर्गको श्रम-पसिना लुट्ने उत्पीडक तथा शासकवर्गका विरुद्ध कविमा ज्वालामुखी बलेको अनुभूति हुन्छ । कवितामा सामान्य, गरिब, मिहिनेती वर्गप्रति भएको अत्याचार र श्रमशोषणबाट सिर्जित वर्गविरोधी भाव विन्यास गरिएको छ । सामाजिक, आर्थिक बेमेल र श्रमशोषणद्वारा गरिबवर्ग उत्पीडित हुँदै गएको र त्यसले वर्ग-संघर्ष निम्त्याएको यथार्थतालाई कवि-हृदयले बुझेको छ, जुन वर्गले श्रम गरेको छ, त्यसैले श्रमजन्य फलको उपभोग गर्न पाउनुपर्छ, लुट्ने शासकवर्गका विरुद्ध महासागरमा सङ्गठित भई लाग्नुपर्छ भन्ने क्रान्तिकारी विरोधी चेत अभिव्यक्तिएको छ ।***

मित्रलाल पंज्ञानी (२०१७) नेपाली कविता परम्पराका प्रबुद्ध एवम् आस्थाशील कवि हुन् । २०३७ सालमा 'सामन्तको परिचय' कवितासङ्ग्रहका माध्यमबाट कविताका क्षेत्रमा देखापरेका पंज्ञानीका हालसम्म सातवटा काव्यकृति छापिएका पाइन्छन् । उनको पछिल्लो 'पृथ्वी कसको ?' कवितासङ्ग्रहमा ५५ वटा फुटकर तथा मुक्तकस्वरूपका कविता रहेका छन् ।

पंज्ञानी सामन्तवाद, साम्राज्यवाद तथा प्रभुत्ववाद विरोधी चिन्तन बोक्ने कवि भएकाले उनका कवितामा यथार्थको विदग्धता, विस्मयता एवम् विचित्रताको अभिव्यक्ति भएको पाइन्छ । उनले जीवनको रूपान्तरणका निम्ति कवितालाई माध्यम बनाएका छन् । शास्त्रीय छन्दका अनेकन् रूपको प्रयोगमा पंज्ञानी सफल त छँदै छन्, त्यसका साथै भावक विविधता र युगको अनेकताको तस्बिर खिचेर भावमुग्ध बनाउनमा उनको काव्य-सीप बेजोडको रहेको छ । वर्ण्यवस्तु वा कथ्यवस्तु सामान्य भए पनि असामान्य वा गहन रूपमा उठाउन र चित्रित गर्ने पंज्ञानीको शैली पृथक् छ । उनका कवितामा जीवनका चुनौती छन् र असमान, बेमेल, होची-अर्घेल्याद्वारा सिर्जिएका अनेकौं मानवविरोधी कृत्यतका विरुद्ध भित्रभित्रै बल्दै गरेको आगोको चमक एवम् तातोपनको स्पर्श छ । चुनौतीसँग जुध्ने मानिस नै चम्किन, बल्न र समर्थशील हुन सक्छ भन्ने कथन कवितामा आएको छ । उनी भन्छन् :

*खराबीसित लड्ने हो मन सङ्कल्पले भर*
*हाँक देऊ कसैलाई चुनौती सिर्जना गर । (चुनौती होस् अघिल्तिर)*

उनका कवितामा वर्गीय समाजमा उत्पन्न विकृतिको अनावरण गरिएको छ र तिनमा सुन्दरता, सुरूपता एवम् सुखदताका विरोधीहरूप्रति गम्भीर घृणाको भाव व्यक्त भएको छ । कविमा राष्ट्रियता र स्वाधीनताको भाव प्रबल रहेको छ । कहिले बहुदलीय संसदीय शासनकालका राष्ट्रविरोधी शासकहरूप्रतिको तीव्र विरोध निम्न रूपमा गरेका छन् :

*देश बेवारिसेजस्तो जनता असुरक्षित*
*सुरक्षा पदमा जम्मै मुर्दा बस्छौ कि मानिस*
*लुट, हत्यार, बलात्कार मच्चियो दिनका दिन*
*थुक्क शासक हो पापी मुख देखाउँछौ किन । (मरेकाहरू)*

कथनमा सूक्तिमय र विचारमा विद्रोहमय हुनुले पंज्ञानीका कविता बेग्लै काँट र छाँटका बनेका छन् । सङ्घर्ष गर्दा मर्नुपरे पनि प्रिय हुने कुरा र सहिदी मृत्यु गौरवमय हुने कुरालाई उक्तिमय रूपमा व्यक्त गरिएको छ :

*अरूका भोगका निम्ति खसीझैं कि सहिदझैं ?*
*तिमी मर्दा यहाँ कालो छायो कि दीपिका बली*
*कसका साथ हिँड्दै छौ जनता कि तिनै छली ?*
*लड्ने हो बाँच्नका निम्ति लड्दा मर्न छ सम्भव*
*नलडी बाँचिने बाटो देखिँदैन कतै अब । (मुक्तिको उद्गमस्थल)*

कविताको विषयवस्तु वैयक्तिकतामा खुम्चिएको छैन, पंज्ञानीले आफ्ना कवितालाई सामूहिक आवेग-संवेगसँग गाँसेर सामाजिक रूपान्तरणको काम्यतालाई अभिव्यञ्जन गरेका छन् । शास्त्रीय लयबद्ध पंज्ञानीका कवितामा विचारको सङ्गीत प्रवाहित छ । क्रान्तिकारी भावबोधद्वारा अन्तः संरचना निर्मित हुनाले कविता गेय बनेका छन् :

*आगो लाउनुपर्छ भ्रष्टहरूका सम्मान डढ्ने गरी*
*बाढी आउनुपर्छ चोरपथका आधार लड्ने गरी*
*बन्छन् बल्ल समाजमा नचुहिने सद्भाव छाना नयाँ*
*यै सन्देश सुनाउँदै छ युगले आयो जमाना नयाँ । (आयो जमाना नयाँ)*

संसदीय समयमा निर्मित चोरपथका अनुयायीहरूका विरुद्धको कवितात्मक गर्जनले पंज्ञानीलाई पुँजीवादविरोधी कित्ताको कवि बनाएको छ, गरिबवर्ग र शोषितवर्गको श्रम-पसिना लुट्ने उत्पीडक तथा शासकवर्गका विरुद्ध कविमा ज्वालामुखी बलेको अनुभूति हुन्छ । कवितामा सामान्य, गरिब, मिहिनेती वर्गप्रति भएको अत्याचार र श्रमशोषणबाट सिर्जित वर्गविरोधी भाव विन्यास गरिएको छ । सामाजिक, आर्थिक बेमेल र श्रमशोषणद्वारा गरिबवर्ग उत्पीडित हुँदै गएको र त्यसले वर्ग-सङ्घर्ष निम्त्याएको यथार्थतालाई कवि-हृदयले बुझेको छ, जुन वर्गले श्रम गरेको छ, त्यसैले श्रमजन्य फलको उपभोग गर्न पाउनुपर्छ, लुट्ने शासकवर्गका विरुद्ध महासागरमा सङ्गठित भई लाग्नुपर्छ भन्ने क्रान्तिकारी विरोधी चेत अभिव्यक्तिएको छ :

*मैले लड्छु छ यो महासमरमा निर्धक्क भै लड्न द्यौ*
*लम्केको गति रोक्नुहुन्न युगको मान्छे अघि बढ्न द्यौ । (युगको मान्छे)*

कवि मित्रलाल पंज्ञानी क्रान्तिका उपासक हुन्, उनका कविताको अन्तर्य जीवनका अन्तरविरोधहरूबाट निर्मित छ । क्रान्तिकारी-विद्रोही भावनालाई कलात्मकता साथ प्रस्तुत गर्न पंज्ञानी सफल रहेका छन् । कविको मनमा अन्तर्द्वन्द्व छ र त्यस अन्तर्द्वन्द्वमा क्रान्तिकारी आदर्सले विजय प्राप्त गरेको छ, । महान् जनयुद्धका महावर्षहरू नेपाली जीवनका निम्ति अत्युच्च एवम् उत्साहप्रद रहेकै हुन् र तिनले नेपाली जीवनमा नयाँ गीतका भाका सिर्जना गरेकै हुन् । जनयुद्धमा लागेका र जनयुद्धलाई हृदमतः स्नेह गर्ने दुबै थरी कविका कवितामा सामन्तवर्गीय तथा पुँजीवादीय विवेक, चिन्तन तथा नैतिकताका विपक्षमा खरो अभिमत व्यक्त भएको छ । राजा, सामन्त तथा पुँजीपतिका उत्पीडन, शोषण तथा यातनालाई कविले पहिचान गरेका छन् र तिनको पतन, नाश र समापन हुन्छ भन्ने कुरामा विश्वस्त रहेका छन् ।

समरका, महावर्षमा मानिसहरूले भयानक तथा आनन्ददायक अनुभूति गरेका छन् र त्यस अनुभूतिको संस्पर्शले पंज्ञानीका कविता मिठा र आस्वाद्य बनेका छन् । क्रान्तिप्रतिको उत्साहभाव उत्पन्न गर्नमा र विविधरूपीय अत्याचारी शासकवर्गका विरुद्ध लाग्नमा कविताले उत्प्रेरणा दिएका छन् । नेपालमा चलेको वर्गीय युद्धले निश्चितै विजय प्राप्त गर्छ भन्ने आस्थाभावले पंज्ञानीको सिर्जनशक्ति प्रबलशाली बनेको छ । महान् जनताप्रति र क्रान्तिकारी नेतृत्वप्रति निरवच्छिन्न एवम् अगाध विश्वासमै पंज्ञानीका कविता रचिएका हुनाले उनका कविता क्रान्तिकारी राग उत्पन्न गर्नमा समर्थ रहेका छन् ।

पंज्ञानी संशोधनवादी-दक्षिणपन्थी, स्वार्थी तथा स्वाधीनताविरोधी नेतृत्वबाट नेपाली जनताका समस्या समाधान अर्थात् मुक्ति नहुने तथ्य बोध गर्दै नयाँ विचारसहितको क्रान्तिकारी नेतृत्वबाट नै क्रान्ति हुने र आमूल परिवर्तन हुने कुरामा विश्वास गर्दछन् । त्यसकारण उनी आफ्ना कवितामा उत्पीडक र शोषकहरूका विरुद्ध हुने सङ्घर्षमा क्रान्तिकारी नेतृत्वको खोजी गरी तिनैलाई नेतृत्व गर्न आह्वान गर्दछन् :

*निर्लोभी निर्भय योद्धा अघिल्लो पङ्क्तिमा खट*
*लोभ जित्न नसक्ने हो ! छाड बाटो पछि हट*
*तिम्रा निम्ति तिमी हैनौ हाम्रा निम्ति तिमी हिंड*
*नत्र व्यर्थै तिमीलाई नेता मान्नुपऱ्यो किन ? (त्यसै नेता मानिँदैन)*

जनयुद्ध, जनविद्रोह तथा जनसङ्घर्षलाई आत्मसात् गर्ने कविहरू नै यस शताब्दीका कवि हुन सक्छन्, जनताको महान् सङ्घर्षबाट भौतिक र आत्मिक रूपमा विच्छिन्न रहेका तत्कालीन अन्य कविहरूभन्दा भिन्नै धरातलमा पंज्ञानी उपस्थित भएका छन् । संसारव्यापी जनयुद्ध र जनविद्रोहको रमरम प्रभावजन्य कविता हुन् पंज्ञानीका कविता । त्यसैले उनी भन्दछन् :

*यो क्रान्तिको बोट फुलेन कैल्यै*
*फलेन हाँगा र झुलेन कैल्यै*
*सधैँ ठगिन्थ्यौं तर यसपाली*
*नभाँच डाली अब फुल्छ लाली । (अब क्यै हुन्छ)*

यसभन्दा अगाडिका क्रान्ति र आन्दोलनको नेतृत्व सर्वहारावर्गीय पार्टीले गरेको थिएन भने यसपालि चाहिँ क्रान्तिकारी पार्टीले गरेको थियो । क्रान्ति जनयुद्ध/जनविद्रोहप्रति सम्पूर्ण उत्पीडित, श्रमिक वर्गको समर्थन, सहयोग र सहभागिता भएकैले सङ्गठित विस्फोट र विप्लवमान हुन पुगेको हो भन्ने आशयगर्भित अर्थव्यञ्जित क्रान्तिकारी आशावादी स्वर प्रकट भएको छ ।

मूलतः मित्रलाल पंज्ञानीका कविताले परिवर्तनकामी विचारलाई मूर्तता प्रदान गरेका छन् । यौद्धिक अथवा क्रान्तिकारी वैचारिकता, सामान्तवाद तथा पुँजीवादप्रति घृणा, आमूल परिवर्तनप्रतिको आस्थाभाव, क्रान्ति र विद्रोहप्रति स्नेह, क्रान्तिकारी प्रयत्नद्वारा संसारलाई बदल्ने वैज्ञानिक चेत, सर्वहारावर्गको क्रान्तिप्रतिको समर्थन र सद्भाव, वर्गीयता, स्वाधीनता एवम् राष्ट्रियताप्रतिको प्रतिबद्धतामा पंज्ञानी मूल्यवान् रहेका छन् । उनी क्रान्तिकारी विचार र लयको फ्युजन गर्ने सफल कवि हुन् ।

## संविधान...

जुन ब्राह्मणवाद (मनुस्मृति) मा आधारित जातपातको (जातीय छुवाछुत) कानुन थियो र त्यो कानुनले नेपाल जस्तो बहुजातीय बहुभाषिक तथा विविध धर्म- संस्कृति भएको मुलुकलाई एकल हिन्दु जातीय जालोभित्र (हिन्दु कास्ट सिस्टम) हुल्ने काम गऱ्यो । त्यसपछि पद्म समशेरले वि.सं २००४ मा नयाँ संविधान घोषणा गरे तर लागू हुन सकेन । २००७ सालमा दिल्लीको निगाहमा राजा त्रिभुवन भारत पुऱ्याइए पछि राणा शासनको पतन भयो । दिल्लीले राजा त्रिभुवनलाई राजकीय शक्ति प्रदान गरी (नेहेरु र राणाबीचमा सम्झौता १६ डि. १९५०) काठमाण्डौ फर्काएपछि उनले 'नेपालको अन्तरिम संविधान, २००७ ' जारी गरे । राजा महेन्द्रले अन्तरिम संविधानले दिएको राजकीय सत्ता प्रयोग गरी 'नयाँ संविधान २०१५' जारी गरे जस अन्तर्गत आम निर्वाचन सम्पन्न भयो र नेकाको सरकार बन्यो । विद्यमान सरकारलाई २०१७ सालमा अपदस्त गरी सैनिक शासन लागू गरे ।उनले २०१९ सालमा (सन् १९६०)'हिन्दु राज्य सहितको' नेपालको पञ्चायती नामको हुकुमी संविधान जारी गरे । उनले थोपरेको हुकुमी (पञ्चायती ) प्रजातन्त्रले ३० वर्षसम्म शासन गऱ्यो । २०४६ सालमा जनआन्दोलन भयो ,जसको तागतमा २०४७ सालमा 'नयाँ संविधान' बन्यो तर पंचायती संविधानको ' निर्दल'बाहेक बाँकी उही पुरानै हिन्दु अधिराज्यको कानुन नै लागू गरिएको थियो ।२०६२ साल मंसिर ७ गते आन्दोलनरत सात राजनीतिक दल र सशस्त्र संघर्षरत माओवादीकोबीच १२ बुँदे सहमति (दिल्लीमा) भएपछिको आन्दोलनले राजतन्त्रको अन्त्य गरी २०६३ सालमा 'अन्तरिम संविधान' मार्फत नेपाललाई धर्म निरपेक्ष, समावेशी र राज्यका सबै अंगहरूमा मधेशी,दलित ,आदिवासी जनजाति,महिला,अपाङ्ग,पिछडिएको वर्ग र क्षेत्र ,सबैलाई समानुपातिक तथा समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने (धारा -३३ ,घ) नीति लिएको थियो ।अन्तरिम संविधान (२०६३) को धारा - १३८ अनुसार राज्यको समावेशी ,लोकतान्त्रिक र अग्रगामी पुनःसंरचनाका लागि संविधान सभालाई सुझाव दिन दुईओटा उच्चस्तरीय आयोगहरू समेत बनेका थिए । जसले जाति,भाषा क्षेत्र तथा सामर्थ्यको आधारमा १४,र १०+१ प्रदेशको सिफारिश गरेको थियो । तर नयाँ संविधान निर्माण नगरीकनै बीचैमा प्रथम संविधान सभाको अन्त गरियो संविधान सभाको अन्त गर्नुको कारण राज्य पुनःसंरचना नै रहेको थियो । धर्म निरपेक्षता ,पूर्ण समानुपातिक,समावेशिता र पहिचानसहितको संघीयता मुख्य मुद्दा थिए । ने.का., एमाले र माकेका तत्कालीन नेतृत्वले प्रथम संविधानसभाको विघटन गरी अर्को संविधान सभाको नाटक मञ्चन गरे र वि.सं २०७२ मा जनता भूकम्पको पीडामा परेको बखत छलेर नयाँ संविधान जारी गरियो । नयाँ संविधान (२०७२) अन्तरिम संविधान (२०६३) भन्दा पश्चगामी रहेको छ । यसले धर्म निरपेक्षता (धारा ४.१)) लाई 'स्पष्टीकरण' दिएर नेपाललाई पुनः हिन्दु राज्यकै रूपमा स्थापित गरेको छ । दुइ ओटा राज्य पुनः संरचना आयोगले दिएका सुझाव विपरीत पञ्चायतकालीन विकास क्षेत्रको विभाजनलाई आधार बनाएर सात प्रदेश (धारा- ५३ ,अनुसूचि -४)बनायो । नेपाल बहुजाति,बहुभाषी तथा विविध धर्म - संस्कृति भएको मुलुकमा गोर्खा (खस) भाषालाई सरकारी कामकाजको भाषा बनाइयो (धारा -७) । अन्तरिम संविधानको (समानुपातिक तथा समावेशी (धारा - ३३ घ ) को विपरीत नयाँ संविधानले (धारा -८४.२) खस आर्य जातलाई समानुपातिक - समावेशितामा हुल्ने काम मात्र गरेको नभएर प्राथमिकतामा समेत पारिएको छ । तसर्थ गणतन्त्र ,धर्म निरपेक्षता तथा संघीयता जस्ता कुराहरू रूप र मात्रामा सकरात्मक जस्ता देखाएको भए पनि सार गुण र समग्रताको हिसाबले यो संविधान (२०७२) पश्चगामी रहेको छ ।

***३) अग्रगामी संविधानको आवश्यकताः***

नेपाल अर्धसामन्ती तथा अर्ध औपनिवेशिक विशेषता सहितको मूलतः नव औपनिवेशिक अवस्थाको मुलुक हो । यो अवस्थामा नेपाली जनताले गर्नु पर्ने क्रान्ति जनवादी चरणको हुन्छ र त्यो खुड्किलो पार गरेर वैज्ञानिक समाजवादतर्फ अघि बढ्नु पर्नेछ । पुँजीवादी व्यवस्था विना क्रान्ति समाजवादी व्यवस्थामा बदलिन सक्दैन ।जब क्रान्तिले नयाँ जनवादी क्रान्ति पूरा गर्नेछ , त्यो अवस्थामा बन्ने नयाँ संविधान "जनसंविधान" हुनेछ । त्यो संविधानमा क्रान्तिकारी पार्टीको नेतृत्वमा मजदुर र किसान लगायत उत्पीडित वर्ग,जाति, लिंग तथा क्षेत्रका जनताको अधिनायकत्व हुनेछ र प्रतिक्रियावादी वर्गमाथि शासन गर्नेछ । त्यो प्रतिक्रियावादी व्यक्तिहरूलाई राजनीतिक अधिकारबाट बञ्चित गरिने छ । त्यो धर्मनिरपेक्षता ,पहिचानसहितको संघीयता,पूर्ण समानुपातिक,समावेशिता र जनगणतन्त्रात्मक संविधान हुनेछ । यो क्रान्ति पछिको हल हो भने विद्यमान संविधान, जो रूप र मात्रामा सकरात्मक जस्तो देखिए पनि सार,गुण र समग्रताको हिसाबले पश्चगामी रहेको छ । हामी कस्तो अग्रगामी संशोधनको पक्षपाती रहन्छौं । बालेन - सरकारले यो संविधानलाई कुन दिशामा संशोधन गर्नेछ , अहिले नै हामी भन्न सक्तैनौ । तर उसले एकाएक सुकुम्बासी बस्ती हटाएको,विद्यार्थी तथा ट्रेड युनियनलाई खारेज गरेको र हाल गरेको राजनीतिक गतिविधि हेर्दा फासिवाद अवलम्बन गर्नेतर्फ अघि बढ्ने देखिन्छ । जे होस् हाम्रो प्रयास सम्पूर्ण शोषित -उत्पीडित वर्ग र समुदायलाई गोलबन्द गर्दै धर्मनिरपेक्ष, पहिचानसहितको संघीयता र जनगणतन्त्रात्मक संविधान निर्माणको पक्षमा संघर्ष गर्ने नै हुनु पर्दछ । त्यस दिशामा संघर्ष अघि बढाउन विद्यमान नेपालको संविधानको (धारा ४.१) धर्मनिरपेक्षताको 'स्पष्टीकरण' राखिएकोलाई हटाइनु पर्दछ । राज्यको संरचना (धारा ५६ अनुसूचि -४) को सात प्रदेशको ठाउँमा पहिचानसहितको संघीयता हुने गरी नामाकरण गरिनुपर्छ । समानुपातिक निर्वाचनको (धारा -८४.२) ठाउँमा राज्यको सबै अंगमा पूर्ण समानुपातिक र समावेशिताको सिद्धान्तको आधारमा निर्वाचन गरिनु पर्दछ । सरकारी कामकाजको भाषा (भाग १,धारा -७ ) खस भाषाको ठाउँमा नेपालका सबै मातृभाषा हुनुपर्दछ । नेपाल राज्यको (भाग १- धारा ४ ) ठाउँमा ' नेपाल स्वतन्त्र , अविभाज्य, सार्वभौमसत्ता सम्पन्न ,धर्म निरपेक्ष,पूर्ण समानुपातिक ,समावेशी र छुवाछुतमुक्त संघीय गणतान्त्रिक राज्य हुनुपर्नेछ । राष्ट्रिय झण्डा (धारा ५) को ठाउँमा सबै स्वायत्त प्रदेशहरूको प्रतिनिधित्व झल्कने गरी झण्डा निर्माण गरिनु पर्दछ । उक्त कुराहरूको संशोधनको माग राखेर संघर्षलाई अघि बढाउनु सक्दा हामीलाई अग्रगामी संविधान संशोधन गर्न मद्दत पुग्नेछ र अन्ततः जनसंविधान निर्माणमा समेत बल थपिने छ । -२०८३ -०२-०१

---

❑ यो साता कविता

## सुकुम्वासीको चीत्कार



❑ मित्रलाल पंज्ञानी

*पुर्खा खटे यै देशमा बैँस बित्यो मेरो*
*हेपी किन भन्छौ आज केही छैन तेरो*
*जुन माटोमा पोखेको छु पसिनाको धार*
*त्यै माटोमा हुन्न भने मेरो अधिकार*
*कहाँ हुन्छ भनीदेऊ मेरो भन्नु सारा*
*कहाँ खोज्न जाऊँ मैले प्राण धान्ने चारा ?*

*कल्ले रच्यो चन्द्र सूर्य कल्ले रच्यो तारा ?*
*कल्ले रच्यो पृथिवी र हावा पानी सारा ?*
*तिम्ले हैन तिम्रा बाजे बराजुले हैन*
*त्यसैकारण् तिम्रोमात्रै अधिकार छैन*
*सबैजना पृथिवीमै बाँच्नुपर्छ खेली*
*पोल्नुपर्छ मान्छेमारा कानूनका ठेली !*

*आफू बस्छौ महलमा, भत्क्यो हाम्रो घर*
*हामी मर्ने ? बाँच्ने धोको तिम्रो मात्रै छ र ?*
*मानिसको बाँच्ने हक खोस्न पाइँदैन*
*मान्छेलाई हेला गर्ने नेता चाहिँदैन*
*कुल्चेसम्म मानिसले मानिसको छाती*
*सङ्घर्षको अन्त्य हुन्न सम्झ मान्छेघाती !*

## आँसुको धारा नबगाऊ आमा



❑ गंगानारायण श्रेष्ठ

*आँसुको धारा नबगाऊ आमा ढुङ्गाको अगाडि*
*दयाको भिख नमाग बाबा दानवको अगाडि*
*दयाको भिख नमाग बाबा दानवको अगाडि*
*दानवको अगाडि.... ।*

*मानिसको मुटु बन्दछ जब*
*ढुङ्गा र पत्थर*
*त्यै मानिस आखिर बन्दछ क्रुर*
*शासक जब्बर*
*हिंसा र ध्वंस लेखिन्छ उसको*
*विकृत मगजमा*
*दया र माया मेटिन्छ उसको*
*मन र मुटुमा ।*

*आँसुको धारा नबगाऊ आमा ढुङ्गाको अगाडि*
*दयाको भिख नमाग बाबा दानवको अगाडि*
*दानवको अगाडि... ।*

*गरिबलाई उसले ठान्दैन मान्छे*
*बुख्याँचा ठान्दछ*
*मजदुरलाई उसले गन्दैन मान्छे*
*पशु झैँ मान्दछ*
*ढुङ्गाले डुङ्गा तार्दैन आमा*
*आँसुमा डुबाउँछ*
*दानवले मानव चिन्दैन बाबा*
*चिहानमा पुऱ्याउँछ ।*

*आँसुको धारा नबगाऊ आमा ढुङ्गाको अगाडि*
*दयाको भिख नमाग बाबा दानवको अगाडि*
*दयाको भिख नमाग बाबा दानवको अगाडि*
*दानवको अगाडि... ।*

## उम्लेको समय



❑ हेमनाथ पौडेल

*गाउँसहरका भित्ताहरुमा टाँसिएका छन्*
*नयाँ वाचाका नाममा*
*पुरानै बोतलबाट झिकिएका किरमिरे नारा*
*र बाँडिएका छन्–*
*प्रदूषित हावाले च्यातिरहेका*
*विचारविहीन सपनाहरु ।*

*सडकहरु*
*भएका छन् धेरै फराकिला*
*तर शासकका मनभित्रका गल्लीहरु*
*गएका छन् साँघुरिँदै दिनदिनै*
*जहाँ जनताको स्वतन्त्रताले*
*पाउन छोडेको छ हिंडडुल गर्न ।*

*यतिखेर घाम छर्नुपर्ने हातहरु*
*गरिरहेका छन् छायाँको व्यापार*
*र उज्यालोका नाममा*
*बेचिरहेका छन् बाक्लो अँध्यारो ।*
*सिंहदरबारतिरबाट आउँछ उडेर बारम्बार*
*धुवाँ मिसिएको कर्कश आवाज–*
*'हामी सबै एकै चुड्कीमा ठिक गरिदिन्छौँ !'*
*तर त्यही आवाजको नायक*
*देख्दैन भोकले सुक्दै गएको*
*बालकको आँखा*
*र अनिश्चित हुँदै गरेको भविष्य,*
*न त देख्छ आवास खोसिएपछि*
*आकाशमुनि काँपिरहेको परिवारको पीडा,*

*नदीहरु बगिरहेकै छन् पहिलेकै लयमा*
*तर तिनका पानीमा आकाश प्रस्ट देखिँदैन*
*किनकि अहङ्कारी सत्ताका अनुहारले*
*आफ्नो विकृत प्रतिबिम्ब लुकाउन*
*नदीहरुलाई नै बनाइदिएको छ धमिलो ।*

*यता उसलाई विश्वास सुम्पिएका केही मानिस*
*आफ्नै भरोसाको भग्नावशेषमाथि उभिएर*
*गरिरहेका छन् पश्चात्ताप–*
*जसलाई उनीहरुले संरक्षक ठाने*
*ऊ नै बज्रिएर खसेपछि आफ्नै सपनामाथि ।*

*सायद उनीहरु बुझ्दै छन् अहिले–*
*'घमण्डको आयुधले सबैभन्दा पहिले*
*विश्वासकै छाती छेड्दो रहेछ ।'*
*हो, उनीहरु यतिखेर*
*देश डुबाएर पिउँदै छन्*
*चिया पसलका ताता कपहरुमा*
*र धुवाँसँगै उडाइरहेका छन्*
*आफ्नो असहाय क्रोध ।*

*तर पनि निभिसकेको छैन*
*यो देशमा उज्यालो*
*किनकि*
*किसानहरु माटोमाथि भरोसा रोपिरहेका छन्,*
*विद्यार्थीहरु किताबभित्र भविष्य खोजिरहेका छन्,*
*आमाहरु अझै छोराछोरीका आँखामा*
*बिहान सिलाइरहेका छन्*
*र सत्ताका मादमा समय उम्लिरहँदा*
*कविहरु अक्षरका माध्यमबाट*
*निभ्न लागेको दीपलाई हत्केलाले छोपेर*
*बचाइरहेका छन् देशलाई ।*
*२०८३ वैशाख*

## देशमा...

सिनामङ्गल, मनोहरा लगायतका क्षेत्रमा बसोबास गर्दै आएका हजारौं भूमिहीनलाई डर ,त्रास र धम्की गर्दै उनीहरूको बासस्थानमा डोजर चलाएर उठिबास लगाएको र दुईजना नागरिकको ज्यान समेत गएको छ।

तेश्रो भनेको स्वतन्त्र विद्यार्थी युनियन र ट्रेडयुनियन संगठनको खारेजी गरेर ठूलो बहादुरीका साथ विकासको कार्य सफल पारेको बताइएको छ। चौथो चलिरहेको संसद बैठक स्थगित गरेर संसद बैठक सुचारु नहुँदैको अवस्थामा संबैधानिक परिषद संबंधी लगायत अन्यअध्यादेशहरू जारी भएका छन् ,जसले गर्दा सरकारको फाँसीवादी शासन प्रणालीमा विकास भई आफ्नो मनपरी स्वार्थ पूरा भएको छ। र पाँचौं विकासमा मुस्ताङ जिल्लाको युरेनियम अमेरिकालाई दिएर गरेको बिकास जस्ता उपलब्धि र विकासहरू यो सरकारले गरेको छ , जुन सार्वजनिक भइसकेका छन् ।

उक्त सार्वजनिक भएका विकास बाहेक पनि यो सरकारले आन्तरिकरूपमा केही अरू यस्तै प्रकारका विकासहरू गरेकै हुनुपर्छ भन्ने अनुमान गरिएको छ। किनकि अप्रत्यक्ष रूपमा यो सरकार संचालन गर्ने विदेशी प्रतिक्रियावादी शक्तिहरू शान्त र सन्तुष्ट रहेको देखिन्छ। त्यसैले ती शक्तिहरूसँग एमसीसी र एसपीपी जस्ता विषयहरूमा कुनै सहमति भएको हुन सक्ने अनुमान गर्न सकिन्छ।

यो सरकारले गरेका अरू बाँकी कुराहरू जे जति भएपनि अहिलेलाई चर्चा गर्न पनि बाँकी नै छाडौं।यसको चर्चा र परिचर्चा पछि गरौंला ।अहिलेको प्रसंग भनेको सुकुम्बासी हटाउने नाममा गरिएको डोजर आतंकको समस्या हो।

सहरी विकासको नाममा देशै भरी भइरहेको पछिल्लो डोजर आतंकको गतिविधिले धेरैलाई गम्भीर प्रश्न सोध्न बाध्य बनाएको छ। सडक व्यापक रूपमा फराकिलो बनाउने, नदी किनारमा थुप्रीएको फोहोर सफा गर्ने वा अव्यवस्थितरूपमा बसोबास गर्दै आएका नेपाली नागरिकको श्रम खर्चेर बनेका नागरिक संरचनाहरू हटाउने नाममा सञ्चालन गरिएको यो डोजर आतंक सहितको अभियानले देश र जनतामा एउटा मानवीय संकट उत्पन्न गरेर ठूलो समस्या निम्त्याएको छ र घरवारविहीन भएर विचल्ली र बिल्लिबाँठको स्थिति सिर्जना भएको छ – विशेषतः सुकुम्बासी बस्तीहरूको मानव समाजमा।

आज समाजमा विकास आवश्यक छ, यसमा कुनै विवाद छैन। तर हामीलाई चाहिएको विकास के हो ?यो कस्तो विकास हो ? विकासको मापदण्ड के हो? के विकास त्यही हो, जसले गरिबको झुपडी भत्काएर उनीहरूलाई खुला आकाशमुनि बस्न वाद्य बनाउँछ ? यदि यसो हो भने, यस्तो विकासले कसको हित गर्छ ? यस्तो विकासले सरकारलाई भोट दिएर पठाउने गरीब, दुखी नेपाली जनताको हित गर्छ? के यही गर्न नेपाली जनताले यो सरकारलाई करीब दुइतिहाई मत दिएर पठाइएका हुन ? होईन , यस्तो खालको बिकास नेपाली जनतालाई चाहिएको होईन। नेपाली जनतालाई सबै भन्दा पहिले चाहिएको छ गाँस, बास र कपास, अनि शिक्षा ,स्वास्थ्य र सञ्चार। नेपाली समाजमा नागरिकहरूका यिनै आधारभूत आवस्यकता नै पूरा हुन नसकेको अवस्थामा विकसित मुलुकहरूको जस्तो विकास खोज्नु भनेको विकास होइन कि विनाशको बाटो लाग्नु हो।

बालेन नेतृत्वको सरकारले गरेको सहर व्यवस्थापन अभियानले दिएका केही सकारात्मक सन्देश –अनियमितता हटाउने, सार्वजनिक स्थान संरक्षण गर्ने जस्ता कुराहरूले केही सकारात्मक शन्देश दिएको जस्तो देखिए तापनि यसको कार्यान्वयनमा मानवीय संवेदनशीलताको कमी देखिएको छ। सूचना बिना, विकल्प बिना, र संवाद बिना गरिने डोजर कारबाहीले राज्य र नागरिक बीचको विश्वास कमजोर बनाएको छ।

भूमिहीन किसान , अव्यवस्थित बसोबासी र सुकुम्बासी नागरिकहरू कोही पनि अपराधी होइनन्। उनीहरू कुनै हिसाबले दोषी पनि छैनन्। उनीहरू परिस्थितिको उपज हुन्– गरिबी, विस्थापन र अवसरको अभावले जन्माएको उनीहरूको अवस्था हो। उनीहरूको त्यो अवस्था पनि समाजमा बिगतदेखि हुदै आएको शोषण ,दमन , अन्याय ,अत्याचार , भ्रष्टाचार,तस्करी, शुदखोरी जस्ता कारणले गर्दा भएको हो। राज्यको कर्तव्य उनीहरूलाई सजाय दिनु होइन, बरू उनीहरूलाई समाधान दिनु हो। सुरक्षित आवास, रोजगारीका अवसर, र दीर्घकालीन योजना बिना गरिने विकास र हटाउने कार्य केवल समस्या निम्त्याउने प्रयास मात्र हो, समाधान होइन।

आजको यो समाजमा आवश्यक छ–सन्तुलित दृष्टिकोण र सम्मानजनक ब्यवहार , कानून कार्यान्वयनसँगै करुणा, विकाससँगै समावेशिता, र निर्णयसँगै संवाद। यदि सहर साँच्चै आधुनिक बनाउने हो भने, त्यो केवल संरचना सफा गरेर होइन, नागरिकको जीवन स्तर उकासेर मात्र सम्भव छ।आफ्ना नागरिकको जीवन यथास्थितिमा राखेर नेपाल स्विजरल्याण्ड बन्न सक्दैन।

डोजरले घर भत्काउन सक्छ, तर विश्वास निर्माण गर्न सक्दैन। सहर सुन्दर तब मात्र हुन्छ, जब त्यहाँ बस्ने प्रत्येक नागरिकले आफुलाई स्वस्थ्य , शिक्षित, सुरक्षित, र सम्मानित हिसाबले ब्यवस्थितरूपमा समेटिएको महसुस गर्छ।

अब प्रश्न स्पष्ट छ–हामी कस्तो विकास चाहन्छौं? मानव मैत्री विकास, कि मानवविहीन विकास ?

हामी मानव मैत्री विकास चाहन्छौं। तर सरकारले मानवविहीन विकास चाहेर मानव बस्तीमा डोजर आतंक मच्चाएको छ। सरकार प्रति लगाइएको यो विरोध केवल विरोध मात्र होइन, न्यायको आवाज हो। सुकुम्बासी बस्तीमाथि चलाइएको डोजर आतंक केवल घर भत्काउने कार्य मात्र होइन, यो मानवीय गरिमा, अधिकार र अस्तित्वमाथिको हमला हो।

हामी सोध्न चाहन्छौं के गरिब हुनु अपराध हो ? के छानोमुनी बस्ने अधिकार केवल धनीलाई मात्र हो ? संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्ने अधिकार दिएको छ तर आज यही अधिकारमाथि बुल्डोजर चलाइएर संविधानको खिल्ली उडाइएको छ।

सुकुम्बासीहरू को हुन् र कहाबाट आएका हुन् ?उनीहरू यही माटोमा जन्मिएर दशकौंदेखि यही भूमिमा पसिना बगाएर समाज निर्माणमा योगदान दिँदै आएका छन्। उनीहरू अपराधी होइनन्। यही देशका सच्चा नागरिक हुन्। जसलाई राज्यले संरक्षण गर्नुपर्दछ, न कि आतङ्कित। हामी कोही पनि विकासको विरोधी होइनौं, तर विकासको नाममा गरिने विनाश कदापि स्वीकार्य हुँदैन। विकास त्यतिबेला मात्र सार्थक हुन्छ , जब त्यसले सबैलाई समेटन सक्छ। जब कसैलाई घरबारविहीन बनाइँदैन।

आज हामी सरकारसँग स्पष्ट माग गर्छौं-१. तत्काल डोजर आतंक रोकियोस। २.विस्थापित सुकुम्बासीलाई सुरक्षित र स्थायी बसोबासको व्यवस्था गरियोस्। ३. बिना विकल्प घर भत्काउने कार्य तुरुन्त बन्द गरियोस्। ४.सुकुम्बासीहरूको पहिचान र अधिकार सुनिश्चित गरियोस्।

जनताको आवाज कहिल्यै कमजोर हुँदैन, जब जनता एकजुट हुन्छन् ,तब अन्यायका पर्खाल ढल्छन्। हामी शान्तिपूर्ण र दृढ आन्दोलनमा विश्वास गर्छौं। संघर्ष कुनै दल वा व्यक्ति विरुद्ध हुँदैन, अन्यायको विरुद्धमा हुन्छ।

अन्त्यमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई आग्रह छ कि डर होइन, हिम्मत बटुलौं। चुप लागेर बस्ने समय बितिसक्यो। अब बोल्ने, उठ्ने र अधिकार माग्ने समय आएको छ। सुकुम्बासीलाई ब्यवस्थित गर्ने दाइत्व सरकारको हो। घर हाम्रो अधिकार हो, दया होइन, डोजर होइन , न्याय चाहिन्छ। धन्यवाद।

*मिति : २०८३ बैशाख २१ गते*

## शहीद...

४४औं स्मृति दिवस कार्यक्रम सन्धिखर्कमा सम्पन्न भएको छ। कार्यक्रम ज्ञानप्रसाद भुसालको सञ्चालन क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका सल्लाहकार समिति सदस्य वरिष्ठ वामपन्थी नेता पिताम्बर भट्टराईको अध्यक्षतामा अगाडि बढेको थियो ।कार्यक्रममा उपस्थित अतिथि र सहभागीहरूले शहिद टंक भुसालको फोटोमा माल्यार्पण पछि शहिद टंक भुसालप्रति एक मिनेट मौन धारण गर्नुको साथै सहितद टंक भुसालकी धर्मपत्नी सरस्वता भुसाललाई क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सदस्य राजेन्द्र नेपाली र केन्द्रीय सल्लाहकार समितिका सदस्य पिताम्बर भट्टराईले संयुक्त रूपमा सम्मान गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य राजेन्द्र नेपालीले सहिद टंक भुसालले समाजमा रहेको शोषण दमन अन्याय अत्याचारको विरुद्ध संघर्ष गर्दागर्दै तत्कालीन पञ्चायती शासन व्यवस्थाका शासकहरूले अर्घाखाँची जिल्लाको जिल्ला प्रशासनमा कुटीकुटी हत्या गरेको थियो उहाँले समतामुलक समाजको निर्माणको लागि काम गर्नुभएको थियो। त्यसबाट अतालिएर पुलिस प्रशासनले उहाँको हत्या गरेको थियो। उहाँले गरेको देश र जनताप्रतिको बलिदान र उहाँले लिएको विचारले टंक भुसाल हाम्रो बीचमा अमर हुनुहुन्छ र अमर रहिरहनुहुनेछ। शहिद टङ्क भुसालले देखाएको बाटोमा हिँड्नु नै सच्चा श्रद्धाञ्जली र स्मृति हुने विचार व्यक्त गर्नुभएको थियो। नेपालीले देशको वर्तमान राजनीतिक अवस्थाबारे पनि चर्चा गर्दै वर्तमान सरकार पनि दलाल पुँजीवादी व्यवस्थाको अर्को प्रतिनिधि र कठपुतली भएको ठोकुवा गर्नुभयो। बालेन सरकारले सुकुम्बासी माथि गरेको अन्यायपूर्ण व्यवहारले साबित गरेको बताउनुभयो सरकार फासीवादी नीति तर्फ अगाडि बढेको र यस्तै गरिरहे छ महिना पनि नटिक्ने ठोकुवा गर्नुभयो। कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सल्लाहकार समिति सदस्य पिताम्बर भट्टराईले टंक भुसालको जीवनीबारे प्रकाश पार्नुभएको थियो। कार्यक्रममा क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सदस्य मिना केसी र क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल सन्धिखर्क नगर सेक्रेटरी खेमराज भट्टराईले पनि श्रद्धाञ्जली मन्तव्य राख्नुभएको थियो।

## जेठ ७...

७ गतेसम्म पर्खन्छौं। त्यस अवधिभित्र व्यवस्थापन नगरे जेठ ८ गतेबाट हाम्रा घर भत्काइएकै ठाउँमा टेन्ट हालेर बस्छौं संयुक्त राष्टसंघ, राष्टिय मानव अधिकार र मिडियाहरूको रोहबरमा। त्यसबेला राज्यले दमन गर्यो भने त्यसबाट उत्पन्न हुने परिस्थितिको राज्य आफै जिम्मेवार हुनेछ।

त्यसैगरी सुकुम्बासी मोर्चाकी नेतृ बिना बज्राचार्य, इन्द्र तामांगले पनि होल्डिंग सेन्टरमा सुकुम्बासीहरूलाई बन्दीको जस्तो व्यवहार गरिएको, मनोवैज्ञानिक रूपमा ठूलो यताना शिविर जस्तो बनेको, क्षणिक प्रलोभनमा भुल्याउन अनेक प्रचारबाजी गरेको भन्दै दीर्घकालीन वैकल्पिक व्यवस्थापन नगरे बस्तीमै आएर बस्नुको कुनै विकल्प रहँदैन।

शंखमूलमा विगत ५३ वर्षदेखि बसोबास गर्दै आएका पवन गुरुंगले राज्यले सुकुम्बासीमाथि अमानवीय फासिवादी ज्यादति गरेको भन्दै अब सुकुम्बासीहरूसँग धैर्यताको बाँध टुटिसकेको बताए। उनले शंखमूलको बस्ती जोखिममुक्त रहेको, ०४६ सालमा नापी भएर कित्ताकाट भइसकेको, २०२१ सालमा व्यक्तिको नाममा रहेको र माहियानी हक कायम हुने गरी जग्गाधनीले लिखित गरेर दिएको, पछि हदबन्दीभन्दा बढीको जग्गा भएको भन्दै सरकारीकरण भएको तर पञ्चायतकालदेखि नै राज्यले बत्ती, पानी, तला थप्ने अनुमति, घर नम्बर लगायतको सुविधा दिएको मोर्चाका उपाध्यक्ष समेत रहेका गुरुंगले जानकारी दिए। उनका अनुसार शंखमूलको बस्तीमा १५० घर थिए। सरकारी आँकडा अनुसार यो बस्तीमा ६० वटा पक्की घर थिए भने अन्य कच्ची घर थिए।

यो बस्तीका कतिपय सुकुम्बासीहरूले कोठा नपाएपछि सडक पेटीमै रात गुजार्ने गरेको पनि उनले जानकारी दिए। शुक्रबारै मनोहरामा समेत विरोध प्रदर्शन गरिएको थियो।

बालेन्द्र साह नेतृत्वको सरकारले उपत्यकाका १९ वटा सुकुम्बासीहरूमा जोडर लगाएर उठिबास लगाएको छ। कतिपय सुकुम्बासीहरू होल्डिंग सेन्टरमा राखिएको छ र कतिपयले आफन्तहरूको घरमा शरण लिएका छन्। होल्डिंग सेन्टरमा रहेका सुकुम्बासीहरूमाथि राज्यले बन्दीको जस्तै व्यवहार गरेको भन्दै सर्वत्र असन्तुष्टी, विरोध र आक्रोश पोखिरहेका छन्। तर करिब महिनादिन वित्न लाग्दा पनि राज्यले कुनै वैकल्पिक व्यवस्थापन गर्न सकेको छैन। बरु उल्टै काठमाडौंका सुकम्बासीहरूलाई काभ्रेको बनेपा पुर्याइएको छ। उनीहरूले राज्यले थप सास्ती दिएको भन्दै आक्रोश पोखिरहेका छन्।

यसैबिच, देशैभरबाट सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको आन्दोलन उठिरहेको छ। बुटबलमा सुकुम्बासीहरूले वृहद् प्रदर्शनको तयारी गरेका छन्।

## लघुवित्त...

जान बाध्य भयौं, सम्मानित सर्बोच्च अदालतद्वारा कार्यान्वयनका लागि भएको परमादेशको पनि वेवास्ता गरियो,' ज्ञवालीले भने।

उनले लघुवित्त सञ्चालकहरूले आफूहरूको आन्दोलनलाई कमजोर बनाउन पीडितबीचमा 'फुटाउ र राज गर'को नीति अबलम्बन गरेको जनाउँदै भने,'हामीसँग कुनै आधिकारीक १२ बुँदे सम्झौता भएको छैन, बरु केही विकाउ मान्छेहरूको कारण भ्रम पैदा भएको हो।'

'गरिब र विपन्न वर्गको नाममा नाफामुलक, शोषणमुलक, चर्कोब्याज र गरिवीको व्यापार गर्ने मानवता विरोधी लघुवित्तिय उत्पीडनको जालोलाई चुडाल्नै पर्छ,' ज्ञवालीले भने।

अधिवक्ता कृष्ण प्रसाद शर्माले संविधान र कानुन विपरित लघुवित्तहरूले ऋणिहरूलाई पीडित बनाएको बताएका छन्। 'तपाईहरूले ऋण नतिर्ने भन्ने हैन, तिरिसकेपछि पनि संस्थाहरूले चक्रवृत्ति व्याज र अन्यायपूर्ण तरिकाले थोपरिएको कर्जा तिर्नुपर्दैन,' शर्माले भने।

जाली तमसुकको नाममा धितो जग्गा गुमाउने, बाँच्न पाउने अधिकार हनन्, आत्महत्य गर्न बाध्याताले राज्यको असफलता मात्रै नभएर मानवताविरुद्धको फौजदारी अपराध भएको अधिवक्ता शर्माको भनाई छ।

समितिका संरक्षक अगस्त अधिकारीले २०७८ सालदेखि निरन्तर संघर्ष गर्दै आएको र ५ वर्षसम्म ५ वटा सरकार चलिरहँदासम्म पीडितले न्याय नपाउनु राज्य असफलताको पराकाष्टा भएको बताए। '२७ लाख लघुवित्त पीडित छँदै थिए, १५ सय १६ ले अत्महत्या गरिसके, बालेन सरकारले सुकुम्बासीका नाममा १६ लाख पीडित थपेको छ, ६० लाख दिदी बहिनी सडकमा उत्रिए के थेग्न सक्छ,' अधिकारीले प्रश्न गरे।

समितिका उपाध्यक्ष मणिप्रसाद चौलागाईले संघर्ष गरेको ५ वर्ष वित्दा पनि न्याय नपाएको भन्दै अब थप कडा संघर्ष गर्न परे लघुवित्त संस्थाहरू नरहने चेतावनी दिए।

अर्की उपाध्यक्ष धनकुमारी विश्वकर्माले लघुवित्तहरू 'उडुस' जस्तै मोटाउँदै जाने, आफूहरू सडकमा पुग्नुपर्ने अवस्थाले थप आक्रोशित बनाएको बताइन्। 'संविधानको कुनै पनि धाराले शोषण स्वीकार्दैन, त्यसैले हामीमाथि कुनै पनि फौजदारी मुद्दा लाग्दैन, लगुवित्तको अन्यायपूर्ण ऋण तिर्न बाध्य छैनौं,'विश्वकर्माले भनिन्।

अर्का उपाध्यक्ष अजुर्न विश्वकर्माले लघुवित्तको चर्को ब्याजमा, ऋणको चंगुल, सामाजिकरूपमा अपमानले आफूहरूसँग न्यायको लागि संघर्षको विकल्प नरहेकोले जस्तोसुकै लडाई लड्न तयार रहेको बताए।

सिरहाका पीडित धनिकलाल चौधरी, काभ्रेका पीडित प्रिया केसी, पाल्पका पीडित तारा पण्डे र अर्घाखाँचीका पीडित दुर्गा बहादुर क्षेत्रीले लघुवित्तका सञ्चालकहरूले फौजदारी मुद्दा सम्बन्धि दायर गरेको रिटमा आफूहरूमाथि फौजदारी मुद्दा चलाउन नमिल्ने भनि गरेको परमादेशप्रति सम्मान प्रकट गरे। उक्त परमादेशलाई गलत प्रचार गरेर पीडितहरूलाई ज्यादती गर्ने काम कर्मचारीहरूबाट भइरहेको अवस्थामा डटेर प्रतिवाद गर्ने चेतावनी दिए।

## भूमि...

छन्। शुक्रबार राजधानीको संवाद डबली पत्रकार सम्मेलनको आयोजना गरी उनिहरूले ३ लाख भूमिहीन तथा सुकुम्बासीले लालपूर्जा पाउनै लाग्दा बस्ती भत्काउनु सरकारको गैरजिम्मेवारी कदम भएको बताए।

राष्ट्रिय भूमि अयोगका पूर्व अध्यक्ष केशव निरौलाले राज्यका हरेक नागरिकको अवासको संवैधानिक अधिकारविरुद्ध बालेन सरकारकारले सुकुम्बासी बस्तीमा डोजर लागएको भन्दै अक्रोश व्यक्त गरे। तत्कालीन नेकपा(माओवादी केन्द्र) र नेपाली काँग्रेसको गठबन्धन सरकारको पालमा अयोगको अध्यक्षको भूमिकामा रहेको बेलामा धेरैलाई लालपूर्जा वितरणको प्रक्रिया बढाएको निरौलाको दाबी छ।

"हामीले ३ लाख बढीलाई लालपूर्जा वितरणको लागि तयारी गर्दै गर्दा संसद विघटन भयो, भूमिहीन तथा सुकुम्बासीको स्वामित्वमा जमिन आउनै लाग्दा खुल्ला आकाशमा धकेल्न सरकारलाई लाज लाग्दैन" निरौलाले प्रश्न गरे। नेपाली काँग्रेसका नेतासमेत रहेका निरौलाले सरकारको असंवैधानिक कदमविरुद्ध आफूहरूले संघर्ष गर्ने घोषणासमेत गरेको जनाए।

भूमि समस्या समाधान अयोगका पूर्व अध्यक्ष हरि रिजालले विना विकल्प तथा पूर्वसूचना नै बस्तीमा डोजर लगाउनु असंवैधानि र अमानविय कदम भएको बताए। सुकुम्बासी समस्यालाई रास्वपा सरकारले हल्का र सस्तो लोकप्रियताको विषय बनाएको बताउँदै रिजालले भने,"शहरको सौन्दर्यता संरक्षणका नाममा होचा-निमुखा जनतामाथिको बरबर आतंकलाई सहन सकिन्न।"

नेकपा एमालेका नेतासमेत रहेका रिजालले तत्कालिन नेकपा तथा केपी ओली नेतृत्वको सरकारले भूमि ऐन ८ औं संशोधन गरेर भूमिहीन तथा सुकुम्बासी समस्या समाधन प्रक्रिया अगाडि बढेको जनाए। रिजालले भूमि आयोगको सूचना प्राणालीमा १२ लाख २० हजार १ सय ९४ परिवारलेको निवेदन लगत प्रविष्टि भएको, जसमध्ये ९९ हजार ३ सय १९ भूमिहीन दलित, १ लाख ८१ हजार ५ सय ५६ भूमिहीन सुकुम्बासी र ९ लाख ३४ हजार ५ सय ६४ अव्यवस्थित बसोबासी परिवार रहेको जनाए। विस्तारै भएपनि नयाँ संविधान जारी भएपश्चात गठन भएका आयोगले राम्रो काम गरेको बताउँदै भने,"९ हजार ३ सय परिवारलाई जग्गाधनी प्रमाणपुर्जा दिएका छौं, जसको दस्तुरबापत १ अर्ब १६ करोड ९१ लाख ४६ हजार ४ सय ८७ रूपैयाँ राजश्व संकलन भएको छ।"

राष्ट्रिय भूमि आयोगका पूर्व उपाध्यक्ष नहेन्द्र खड्काले सर्बोच्च अदालतले सुकुम्बासी बस्तीमा भइरहेको जबरजस्ती डोजर रोक्न अन्तरिम आदेशकोसमेत सरकारले उल्लङ्घन गरेको भन्दै आक्रोश व्यक्त गरे। बालेन सरकारले देशभर गैरकानुनीरूपमा बस्तीबाट जनतालाई हट्न उर्दि जारी गरेको बताउँदै खड्काले भने,"विना विकल्प बुलडोजर आतंक किन, त्यति मत्रै हैन स्थानीय सरकार प्रमुखलाई सेनाले धम्काने गरेको विषयले सेनाको भूमिका शंकस्पद बनेको छ।"


नेपाली कम्युनिस्ट पार्टीका नेतासमेत रहेका खड्काले काँग्रेस, एमाले र आफ्नो पार्टीले सरकारी असंवैधानीक कदमको संयुक्तरूपमा प्रतिवाद गर्ने तयारी गरेको जानकारी दिए।

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !

www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
ww.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृस्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## देशमा सिर्जित डोजर आतंक:विकास कि विनाश ?



● नरेन्द्रबहादुर थापा ●

**यो सरकारले अहिलेसम्म गरेका कामहरू मध्ये सार्वजनिक भएका केही कामहरू सरकारको आफ्नै दृष्टिकोणमा अत्यन्तै उपलब्धिमूलक र अत्यन्तै आवश्यकताको आधारमा विकास सम्पन्न भएको मानिएका कार्यहरू यस प्रकार रहेका छन् :**

अहिले पछिल्लो पटकको नवगठित बालेन नेतृवको सरकारले देश विकासको नाममा निर्ममता पूर्वक डोजर आतंकको स्थिति सिर्जना गरेको छ। यस्तो प्रकारको डोजर आतंकबाट दशौँ हजार भूमिहीन किसान , अव्यवस्थित बसोबासी र सुकुम्बासी नेपाली नागरिकहरू घरबारविहीन भएर बिचल्लीमा परी बिस्थापित भएका छन् । सरकारको यस्तो कार्यलाई स्वयं सरकारले इतिहासमै ठूलै उपलब्धि भएको बताएको छ । सरकारका अन्धभक्त समर्थकहरूले देशमा कुनै पनि सरकारले अहिलेसम्म गर्न नसकेको काम यो सरकारले गऱ्यो भन्दै सरकारको उच्च प्रकारको प्रशंसा गर्दै स्यावासी दिइरहेका छन् र ठूलै विकास भएको भनेर प्रचार पनि गरेका छन् । तर यस्तो डोजर आतंक सिर्जना गरेर आफ्ना नागरिकहरूको वर्षौंको श्रम र पसिनाबाट तयार गरिएका संरचनाहरू निर्ममता पूर्वक भत्काउनु र नागरिकहरूलाई बिचल्ली बनाउनु विकास हो कि विनाश हो ? सचेत नागरिकले यो समयमा यस जटिल परिस्थितिको बारेमा प्रश्न उठाउने समय आएको छ। प्रश्न उठाउने मात्र होइन कि सरकारले गरेको यो अन्यायको विरुद्धमा सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरू एकजुट भएर पीडितलाई न्याय दिलाउन संघर्षमा जुट्नुपर्ने आवश्यकता भएको छ।

यो सरकारले सत्ता आरोहणपछि छोटै समयमा बिगतका सरकारहरूको तुलनामा धेरै कामहरू गरेको बताइएको छ। ती मध्ये केही कामहरू मात्र सार्वजनिक भएका छन् । अरु बाँकी आन्तरिकरूपमा रहेका छन् र बाहिर आएका छैनन्। जो समयको गतिसँगै स्पष्ट हुँदै जाने कुरा निश्चित छ। ।

यो सरकारले अहिलेसम्म गरेका कामहरू मध्ये सार्वजनिक भएका केही कामहरू सरकारको आफ्नै दृष्टिकोणमा अत्यन्तै उपलब्धिमूलक र अत्यन्तै आवस्यकताको आधारमा विकास सम्पन्न भएको मानिएका कार्यहरू यस प्रकार रहेका छन् :

पहिलो अहिलेसम्मकै सबभन्दा ठूलो धनराशि ५० अरव ऋण थाप्ने कामको विकास गरिएको छ। यसभन्दा अघिका सरकारहरूले वर्षौंदेखि पटकपटक वर्षौंसम्म धेरै पटक गरी २६ खरब ६७ अरब ऋण पुऱ्याएका थिए । यो सार्वजनिक ऋण ब्यवस्थापन कार्यालयबाट प्राप्त भएको तथ्यांक हो । त्यसमा अहिले यो सरकारले ५० अरब ऋण एकैपटक थपेर अब नेपालको सार्वजनिक ऋण २७ खर्ब १७ अर्ब पुग्न गएको छ ।

दोस्रो विकास भनेको देशमा तत्काल डोजर आतंकको सिर्जना गरिएको छ ,जसका कारण नेपालका दशौँहजार भूमिहीन किसान ,अव्यवस्थित बसोबासी र सुकुम्बासी नागरिकहरू बिस्थापित भएका छन् । यसरी सरकारले सुकुम्बासी हटाउने नाममा विकल्पको तयारी बिना काठमाडौँ उपत्यकामा थापाथली, शङ्खमूल,

*बाँकी ७ पेजमा*


## धुम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं

- धुम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धुम्रपाननगरौं,
- किशोर-किशोरीहरूलाई धुम्रपानबाट टाढा राखौं,
- धुम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धुम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धुम्रपान त्याग्ने संकल्प गरौं,
- धुम्रपानविरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं

**स्वस्थ जीवन, उत्तम भविष्यको आधार ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


# संविधान संशोधन होइन, पुनर्लेखन गरिनुपर्छ

## – ईश्वरीप्रसाद गैरे,

### *जिल्ला सचिव- क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला समिति दाङ*




*(राष्ट्रिय जनमोर्चा जिल्ला समिति दाङले २०८३ वैशाख २९ गते दाङको घोराहीमा आयोजना गरेको 'संविधान संशोधन गणतन्त्र र राष्ट्रियता ' विषयक अन्तरक्रिया कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको तर्फबाट विचार व्यक्त गर्दै ईश्वरीप्रसाद गैरे)*

जहाँसम्म संविधान संशोधनको विषय छ ,संविधान संशोधनबाट आजको देशको जटिल राजनीतिक संकटको निकास सम्भव छैन। त्यसैले हाम्रो पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल संविधान संशोधन होइन , संविधानको पुनर्लेखन हुनुपर्छ भन्ने मान्यता राख्दछ । अहिलेको संविधानलाई काटछाट गरेर संशोधन गरेर टालटुल गरेर देशका जटिल समस्याहरू समाधान हुनेछ भन्न थाल्यौं र त्यतातर्फ लाग्यौं भने देश फेरि अर्को दुर्घटनामा जाने खतरा छ। त्यसैले हामीले स्वाधीन संयुक्त सरकार गठन गरौं र संविधानको पुनर्लेखन गरौं भनेका हौं ।

आज यहाँ देशको एकजना राष्ट्रिय व्यक्तित्व चित्रबहादुर केसी पनि यस कार्यक्रममा उपस्थित हुनुभएको छ। म उहाँलाई उच्च सम्मान व्यक्त गर्न चाहन्छु । एमसीसी संसदबाट पारित हुने बेलामा जम्मा ४ जना सांसदहरूले एमसीसी पारित गर्ने प्रस्तावको विपक्षमा मत जाहेर गर्नुभएको थियो । हामीले क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल र राष्ट्रिय जनमोर्चा सहित देशभक्त वामपन्थी शक्तिहरूले यहाँ दाङमा पनि गल्ली गल्लीमा यहाँका सडकहरूमा एमसीसी विरुद्ध संघर्ष गरेका थियौँ। त्यो संघर्षमा हामीले सहकार्य गरेका थियौ। हामीले सँगै एमसीसीका विरुद्धमा संघर्ष गरेका थियौँ। अहिले देश झन् गम्भीर संकटमा परेको छ। यहाँ अमेरिकी साम्राज्यवाद प्रवेश गरिसकेको छ । एम. सी.सी. र एस. पी.पी. मार्फत देशलाई पूरै नवऔपनिवेशीकरण तर्फ लगिंदै छ । देशलाई बचाउने र देशको राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने गम्भीर चुनौती हाम्रो सामु आएको छ ।

सम्भव भएसम्म हामी क्रान्तिकारीहरू एउटै पार्टी बनेर अगाडि बढ्नुपर्ने आवश्यकता छ । सकभर हामी सबै एक ढिक्का भएर अगाडि बढौं । पार्टीलाई पुनर्गठन गरेर अगाडि बढौं भन्न चाहन्छु । तत्काल पार्टी एकता सम्भव छैन भने अहिले सडकमा पुनः मोर्चाबन्दी गरेर अगाडि बढ्नुपर्ने बेला आएको छ। सहकार्य र मोर्चाबन्दी गरेर अगाडि बढौं भन्न चाहन्छु।



## चर्को गर्मीको प्रवाह नगरी विशाल प्रदर्शन । विकल्पबिना सुकुमवासीलाई नहटाउन माग गर्दै बुटवलमा प्रदर्शन






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।